दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३७ | अंक ४८ | बुटवल | २०८१ माघ २९, गते मंगलबार | नेपाल संवत ११४५ | Tuesday Feb. 11, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस्।
सुपर काइनेटिक कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोन:- ०७१५४२५७१

# भीम अस्पतालको सेवा लुम्बिनी प्रदेशकै दोस्रो स्थानमा

सन २०२२ मा ८८ अंक पाएको अस्पतालले सेवालाई बढाउँदै सूचकहरु वर्षेनी पार गर्दै २०२३ मा ९० र २०२४ मा ४ अंक थप प्राप्त गरी अस्पतालको गुणस्तर सुधारमा उल्लेख्य प्रगती गरेको छ।

**मोहम्मद हबिब**
*भैरहवा*




भीम अस्पताल २५ वेडको स्वीकृत दरबन्दी जनशक्तिले सञ्चालनमा आए पनि १०० वेडमा सञ्चालन गर्दा समेत न्यूनतम स्वास्थ्य सेवा मापदण्ड मूल्यांकनमा ९४ अंक प्राप्त गरेको छ। सीमित जनशक्ति र पूर्वाधारका बाबजुत बिरामीलाई प्रदान गर्ने गरेको उपचार सेवा र अस्पताल सञ्चालनको व्यवस्थापन उत्कृष्ट रहेको छ। लुम्बिनी प्रदेशका जिल्ला अस्पतालहरुमध्ये स्वास्थ्य मापदण्डमा ९७ अंकसहित बर्दिया अस्पताल प्रथम र यो अस्पताल दोस्रो भएको हो।

बिगत केही वर्षदेखि भीम अस्पतालले आफ्ना सेवालाई प्रभावकारी र सुधार गर्दै प्रदेश निर्देशनालयको यो मूल्यांकनमा वर्षेनि प्राप्तांक अंक बढाएको छ। सन २०२२ सालमा ८८ नम्बर पाएको अस्पतालले सेवालाई बढाउँदै सूचकहरु वर्षेनी पार गर्दै २०२३ मा ९० अंक प्राप्त गरेको थियो। गत वर्षभन्दा २०२४ मा ४ अंक थप प्राप्त गरी अस्पतालको गुणस्तर सुधारमा उल्लेख्य प्रगती भएको छ।

न्यूनतम मापदण्ड सेवा मूल्यांकनका संयोजक समेत रहेका अर्घाखाँची अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा. जगनाथ तिवारीले अस्पातल सेवा दिनका लागि कत्तिको तयार छ भनि पनि सूचकको आधारमा मापन गरिन्छ। सूचकका कुराहरु भएमा मात्रै सहज रुपमा सेवा दिन सकिने भएकोले नै प्रदेश सरकारले यो मापनको सुरुवात गरेको हो यो प्रत्येक वर्ष प्रत्येक अस्पतालको हुने गर्छ र भीम अस्पताले आफ्नो सेवा अब्बल बनाउँदै प्रदेशकै दोस्रो स्थान हासिल गर्न सफल भएको छ।

'यसले अस्पताल कति सक्षम छ भन्ने पनि देखाउँछ, सूचक अनुसार अझैं पनि केही कमिकमजोरी छन्, त्यसलाई सुधार गर्दै सेवालाई अझ चुस्त बनाएर आगामी दिनमा अझैं उत्कृष्ट बन्नुपर्छ। यसका लागि टिम बनाएर आमनागरिकको उपचार सेवामा लाग्नुपर्छ।' संयोजक तिवारीले भने लुम्बिनी प्रदेश स्वास्थ्य निर्देशनालयले हरेक वर्ष गर्ने न्यूनतम सेवा मापदण्ड कार्यान्वयन कार्यक्रमले अस्पतालको सेवा तथा व्यवस्थापन प्रभावकारी हुने गर्दछ। उनले अस्पतालको सेवालाई प्रभावकारी बनाउन अस्पताल व्यवस्थापन पक्षलाई जिम्मेवार बनाउने, अस्पतालको कमिकमजोरीलाई सुधार गर्दै आगामी योजना प्रभावकारी बनाउनमा सहयोग गर्छ।

मूल्यांकन टोलीले ९ सय ३९ वटा सूचकलाई आधार मानेर भीम अस्पतालको स्थलगत मूल्यांकन गर्दा सन् २०२४ मा यो अंक प्राप्त गरेको हो। संयोजकसहितको ५ सदस्यीय अनुगमन टोलीले स्थलगत अनुगमनपछि न्यूनतम सेवा मापदण्ड कार्यान्वयन कार्यक्रमको नतिजा सोमवार सार्वजनिक गरेका हुन्।

समितिले गरेको मूल्यांकनमा भीम अस्पतालमा सिटी स्क्यान, एनआइसीयू, नेत्रसेवा, छालारोग र नाका, कान, घाँटी सेवा न्यूनतम सेवा मापदण्डले गरेको परिकल्पनाभन्दा पनि माथि रहेर विशेषज्ञ सेवा उपलब्ध गराएको छ।

'ओपीडी विभागतर्फ अधिकांश सेवा विशेषज्ञसहित उपलब्ध रहेको पाइयो', डा.तिवारीले भने-'इमर्जेन्सी सेवातर्फ पनि २४सैं घण्टा एकजना एमडीजीपी चिकित्सकसहित मेडिकल अधिकृतको सेवा उपलब्ध हुने गरेको पाइयो। जिल्ला अस्प्तालमा यो निकै सकारात्मक पक्ष हो।'

लैंगिक हिंसामा परेका पीडितका लागि अस्पतालमा प्रदान गरिने एकद्वार संकट व्यवस्थापन केन्द्र, बिरामीका लागि कुरुवा घर, अप्रेसन थिएटर, ल्याव, ब्लडबैंक, पिउने पानीको परीक्षण, फोहोर व्यवस्थापन, स्वास्थ्य जाँचका लागि कुन बिरामीलाई कुन चिकित्सकसँग पठाउने ? भन्नेबारे स्क्रिनिङ कक्ष, फिजियो थेरापी, प्रकोप व्यवस्थापन सबै व्यवस्थित रहेको अनुगमन तथा मूल्यांकन समितिले पाएको छ।

अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा.शकुन्तला गुप्ताले अस्पतालको अवस्थाको बारेमा प्रस्तुति दिँदै पछिल्ला दिनमा अस्पतालमा विशेषज्ञ चिकित्सकको सेवा उपलब्ध हुन थालेपछि उपचार सेवा थप प्रभावकारी हुँदै गएको बताइन। उपचार सेवा राम्रो भएपछि पछिल्लो समय अस्पतालमा बिरामीको चाप बढेको छ। औसतमा दैनिक तीन/चार सय बढी बिरामी उपचारका लागि यहाँ आउने गरेको तथ्याङ्क छ।

उपचारका लागि अस्पतालमा आउने बिरामी सबैलाई सकेसम्म विशेषज्ञ सेवा उपलब्ध गराउन प्रयासरत रहेको जनाउँदै उनले सीमित साधनस्रोतको बावजुत पनि अस्पतालको सेवा प्रभावकारी रहेको दाबी गरिन्। 'यस पटक अस्पतालमा अर्थोपेडिक सेवा पनि आरम्भ गरेका छौं', डा.गुप्ताले भनिन्-'यो मूल्यांकनबाट अस्पतालमा देखिएका कमिकमजोरीलाई सुधार गर्दै भावी योजना तथा कार्यक्रम बनाइने छ, गरिब तथा विपन्न समुदायले बढीभन्दा बढी उपचार गर्न आउने अस्पताल भएकाले सेवा छिटोछरितो र प्रभावकारी हुनुपर्नेमा सधैं सचेत रहेका छौं।'

अस्पताल विकास समितिका अध्यक्ष डा.अनन्तकुमार शर्माले सबैको प्रयासले यो सफलता हासिल गरिएको जनाए। 'अझैं पनि थप सेवा दिनका लागि हामी लागिपरेका छौं, यसपछिका अस्पतालमा भएका विकासको तुलनामा भिम पछि परे पनि सबैको साथ भए यसको विकास हुने छ।'-उनले भने।

'हामीले टीमवर्कमा विश्वास गर्छौं', उनले भने-'अहिले प्रदान गरिरहेका सेवालाई अझैं प्रभावकारी बनाइ थप गर्दै लैजानुपर्छ। यसका लागि हाम्रो टिमले निरन्तर काम गर्नेछ।' एजनाको प्रयासले अस्पताललाई सबैको भरोसायोग्य बनाउन नसकिने जनाउँदै उनले यसका लागि सबै विभागले उत्तिकै काम गर्नुपर्ने जनाए।

जिल्ला समन्वय समितिका सभापति उमाकान्त चपाईंले विगतमा खस्किरहेको अस्पताल अहिले उत्कृष्टतातर्फ अघि बढीरहेको जनाए। 'अहिले यहाँ उपचारमा आउने बिरामी उपचारपछि सन्तुष्ट छन्, यो राम्रो सन्देश हो। यसलाई बचाइ राखेर अझैं राम्रो बनाउँदै लैजानुपर्छ।'-उनले भने।

भैरहवा क्षेत्रको सबैभन्दा पुरानो र सरकारी अस्पतालको रुपमा रहेको अस्पताल ५० शैयाको सूचीकृत रहे पनि १ सय ७ शैयाबाट सेवा दिँदै आएको छ। अस्पतालको सेवाहरु विस्तार हुँदै जाँदा स्वास्थ्य सेवा लिनेको संख्यामा बढोत्तरी भएको छ।

## छविलाललाई थुनामा पठाउन आदेश

बुटवल। रुपन्देही जिल्ला अदालतले नेपाल प्रहरीका पूर्वडीआइजी छविलाल जोशीलाई पुर्पक्षका लागि थुनामा पठाएको छ।

बुटवलको सुप्रिम सहकारीको रकम अपचलन मुद्दामा नेपाल प्रहरीका पूर्व डीआईजी छविलाल जोशीलाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश भएको छ। रुपन्देही जिल्ला अदालतमा सोमबार भएको थुनछेक बहसपछि न्यायाधीश वशिष्टकुमार घिमिरेको इजलासले पुर्पक्षका लागि थुनामा पठाउने आदेश दिएको हो।

जोशीलाई पछि ठहरे बमोजिम हुने गरेर अहिलेलाई थुनामा पठाउने आदेश भएको अदालतका स्रेस्तेदार यज्ञमूर्ति ज्ञवालीले जानकारी दिए।

जोशी सोमबार रुपन्देही अदालतमा हाजिर भएका थिए। 'सोमबार नै निवेदन दिएर हाजिर भएकोमा पछि बुझ्दै गएअनुसार हुने गरी तत्काललाई थुनामा पठाउने आदेश भएको छ।'- ज्ञवालीले भने।

यो मुद्दामा पूर्व डीआइजी जोशीसहित रास्वपा सभापति रवि लामिछाने, गोर्खा मिडिया नेटवर्कमा अध्यक्ष गितेन्द्रबाबु (जीबी) राईलगायतलाई प्रतिवादी बनाइएको छ।

लामिछानेलाई यसअघि रूपन्देही जिल्ला अदालतले एक करोड रुपैयाँ धरौटी लिएर तारिखमा छोडेको छ।

## परमानन्द खरेल स्मृति पत्रकारिता पुरस्कार चापागाईंलाई



बुटवल। सिद्धार्थ पब्लिकेशन प्रालिका अध्यक्ष मोहन चापागाईंलाई परमानन्द खरेल स्मृति पत्रकारिता पुरस्कार प्रदान गरिएको छ। प्रेस चौतारी नेपाल रुपन्देहीले यस वर्षदेखि यो पुरस्कार प्रदान गर्न लागेको पहिलो पुरस्कार चापागाईंलाई प्रदान गरिएको हो।

प्रेस चौतारी नेपाल रुपन्देहीले संगठनका पूर्व जिल्ला अध्यक्ष एवं पूर्व केन्द्रीय उपाध्यक्ष चापागाईंलाई संगठनको आठौं जिल्ला अधिवेशनको दिन उक्त पुरस्कार प्रदान गरिएको हो। चापागाईंलाई प्रेस चौतारी नेपालका केन्द्रीय अध्यक्ष गणेश बस्नेत, लुम्बिनी प्रदेशका पूर्व मुख्यमन्त्री लिला गिरि, चौतारी रुपन्देही अध्यक्ष लक्ष्मण पौडेललगायतले पुरस्कार प्रदान गरेका थिए।

चौतारीले यसअघि गठन गरेको पुरस्कार छनोट समितिको सिफारिसअनुसार उक्त पुरस्कार दिने निर्णय गरिएको हो। चापागाईं सामुदायिक रेडियो प्रसारक संघका पूर्व अध्यक्ष समेत हुन्। उनले सामुदायिक रेडियोहरुको संस्थागत विकासमा पनि महत्वपूर्ण योगदान पुऱ्याएका छन्।

यस्तै प्रेस चौतारी क्रियाशिल पत्रकारिता पुरस्कारबाट भैरहवाका पत्रकार शंकर पाण्डे पुरस्कृत भएका छन्। संगठनका केन्द्रीय सदस्य रहेका उनी रुपन्देही एफएमको स्टेशन म्यानेजर समेत रहेका छन्। सोही क्रममा दुर्गा खनाल स्मृति पत्रकारिता पुरस्कारबाट रुपन्देहीको देवदहका गोविन्द घर्तीलाई पुरस्कृत गरिएको छ।

## भूमि अध्यादेशविरुद्ध सर्वोच्चमा मुद्दा

बुटवल। गिरीबन्धु टी स्टेटसम्बन्धी फैसला कार्यान्वयन नगरेर अदालतको अवहेलना गरेको दाबीसहित प्रधानमन्त्री केपी शर्मा ओली र भूमि व्यवस्था तथा सहकारी मन्त्री बलराम अधिकारीलाई विपक्षी बनाई सर्वोच्च अदालतमा मुद्दा दायर भएको छ। झापास्थित गिरिबन्धु टी स्टेटको जग्गा सरकारीकरण गर्नुपर्नेमा माघ २ गते जारी भूमिसम्बन्धि अध्यादेशमा बेचबिखन गर्न पाउने प्रावधान राखेपछि सर्वोच्च अदालतमा अवहेलना मुद्दा दर्ता भएको हो।

भूमि सम्बन्धीसरकारले हालै ल्याएको अध्यादेशले सर्वोच्चले यसअघि गरेको परमादेश कार्यान्वयनमा अवरोध गरेको दाबीसहित अधिवक्ता ओमप्रकाश अर्यालले सर्वोच्च अदालतमा निवेदन दिएका हुन्।

सर्वोच्च प्रशासनले उक्त निवेदन दर्ता गरी फागुन ४ गते पेसी तोकि दिएको छ। अधिवक्ता अर्यालले सर्वोच्च अदालत, संवैधानिक इजलासबाट गत वर्ष माघ २४ मा जारी भएको परमादेशको कार्यान्वयनमा प्रधानमन्त्री ओलीले अनवरत रूपमा अवरोध सिर्जना गरेको निवेदनमा उल्लेख गरेका छन्। सर्वोच्चले हदबन्दी छुट प्रदान गर्दाको अवस्थामा उल्लेख गरिएको शर्तबमोजिमको प्रयोजनमा जग्गाको प्रयोग वा उपयोग नगरी फरक प्रयोजनमा भए वा जग्गा खाली (बाँझो) राखिएको अवस्थाका जग्गाको पहिचान गरी तत्काल र अनिवार्य रूपमा सो हदबन्दीभन्दा बढी देखिएको जग्गा भूमिसम्बन्धी ऐन, २०२१ बमोजिम नेपाल सरकारको नाममा प्राप्त गर्न गराउन परमादेश जारी गरेको थियो।

साथै, हदबन्दीभन्दा बढी देखिएको र चिया उद्योगको काममा उपयोगमा नरहेको गिरीबन्धु टी स्टेट प्रालिका नाममा रहेको झापाको जग्गा भूमिसम्बन्धी ऐन, २०२१ बमोजिम नेपाल सरकारका नाममा प्राप्त गर्न गराउन पनि सर्वोच्चको परमादेशमा उल्लेख गरेको थियो।उक्त परमादेश कार्यान्वयन गर्न मुख्य भूमिका खेल्नुपर्ने प्रधानमन्त्री र भूमि व्यवस्था मन्त्रीले नै अनवरत रूपमा अवरोध गरिरहेको र पछिल्लोपल्ट अध्यादेश ल्याएर थप अवरोध पुऱ्याउने काम गरेको निवेदक अर्यालको आरोप छ।

» बाँकी २ पेजमा

## श्रृंगेश्वर धाममा २५ लाख संकलन



बुटवल। मानव जीवनको अमूल्य काम माधवसेवा र मानवसेवा गर्न श्रृङ्गेश्वर धाम जाम भन्ने मूल नाराका साथ रुपन्देहीको तिलोत्तमामा श्रीमद्भागवत श्रृङ्गेश्वर धार्मिक महामहोत्सव तथा श्रृङ्गारिक महाआरती २०८१ जारी रहेको छ। यही माघ २४ गतेदेखि सुरु भएको महायज्ञमा आइतबारसम्ममा २५ लाख रुपैयाँ आर्थिक संकलन भएको कोषाध्यक्ष मोतीलाल भण्डारीले बताए।

कार्यक्रममा बोल्दै जेष्ठ नागरिक मिलन केन्द्रका अध्यक्ष यदुनाथ पाण्डेले महायज्ञलाई सफल बनाउन सबैले पहल आग्रह गरे। हरेक दिन प्रातःकालमा योग एंव ध्यान शिविर, नित्य पूजा एवं पाठ पारायण, सङ्गितमय श्रीमद्भागवत कथा प्रवचन, देव लिला दर्शन, सन्त महन्त सम्मान, श्रृङ्गारिक दिव्य महाआरतीमा भक्तजनहरुको सहभागिता उल्लेख्य रुपमा रहेको बताए। कार्यक्रम रहेको श्रृङ्गेश्वर धामका अध्यक्ष ऋषि भण्डारी महायज्ञवाट मशानघाटको रुपमा रहेको स्थानको राष्ट्रिय तथा अर्न्तराष्ट्रिय रुपमा परिचित भएको धारणा राखेका थिए। सोमबार महायज्ञस्थलमा उद्घाटनसँगै सुरु भएको योग एंव ध्यान शिविरको समापन गर्दै योग गुरु डा. ललित शंकर योगीले आँखाले देखिने हरचिज अस्थायी र नासवान हुन्छ, त्यसैले मानिसलाई मनैदेखि खुशी रहनका लागि केवल योग तथा ध्यान नै उपयुक्त माध्यम रहेको र त्यो यो महायज्ञको उद्देश्यले प्राप्ती हुने बताएका थिए। कार्यक्रममा वरिष्ठ पत्रकार खिमानन्द भट्टराई रविलाल पोखरेललगायतले महायज्ञका बारेमा प्रकाश पारेका थिए।

महायज्ञका प्रमुख कथा वाचक आचार्य ओमप्रकाश सुवेदीले आऊ आऊ भक्त श्रृगेश्वर धाममा कोही पनि नछुटौं यो पून्य काममा भन्दै भक्तजनहरुलाई दिल खोलेर सहयोग गर्न आह्वान गरे।



# सम्पादकीय

## अख्तियार दिवस र भ्रष्टाचार नियन्त्रणको सवाल

आर्थिक वर्ष २०८०/८१ मा अख्तियारमा २६ हजार ९ सय १८ वटा नयाँ उजुरी परेका थिए। प्रधानमन्त्री प्रमुख रहने राष्ट्रिय सतर्कता केन्द्रमा आर्थिक वर्ष २०५९/६० देखि आर्थिक वर्ष २०७७/०७८ सम्म जम्मा ११ हजार ४ सय ७६ वटा मात्र उजुरी दर्ता भएका थिए। यसपछिका वर्षको विवरण केन्द्रको वेबसाइटमा उपलब्ध छैन। अनौपचारिक जानकारीअनुसार हाल करिब एक हजार बढी थप उजुरी केन्द्रमा छन्। अख्तियार संवैधानिक आयोगका रूपमा र राष्ट्रिय सतर्कता केन्द्र प्रधानमन्त्रीको प्रत्यक्ष मातहतमा रहेर भ्रष्टाचारजन्य क्रियाकलापको नियन्त्रणमा क्रियाशील छन्। भ्रष्टाचार निवारण ऐन २०५९ ले दुवै निकायलाई सार्वजनिक निकायमा भएका भ्रष्टाचारका बारेमा उजुरी लिने अधिकार दिएको छ।

हरेक वर्ष माघ २८ गते अख्तियार दुरुपयोग अनुसन्धान आयोग स्थापना दिवस मनाउने गरिन्छ। दिवसका दिन प्रधानमन्त्री, मन्त्री र सम्बन्धित सरकारी अधिकारीहरुले भ्रष्टाचारमा शून्य शहनशीलता नीति अवलम्बन गर्ने दाबी गरिरहन्छन्। तर नेपालमा भ्रष्टाचारजन्य घटनामा कमी होइन, बढोत्तरी नै भइरहेको तथ्यांकहरुले देखाउँछ। बहुसंख्यक नागरिक पनि भ्रष्टाचार नियन्त्रण गर्ने जिम्मेवारी अख्तियारको मात्र हो भन्ने बुझाइ बोक्दछन् र त्यही उजुरी गर्छन्। उनीहरू भ्रष्टाचार नियन्त्रणको प्रमुख दायित्व प्रधानमन्त्रीको हो भन्ने कुरामा या त जानकार छैनन् या विश्वास गर्दैनन्।

भ्रष्टाचार नियन्त्रण गर्ने प्राथमिक जिम्मेवारी सम्बन्धित कार्यालय वा निकायका प्रमुखको हो भन्ने यथार्थता सबैले बिर्सिंदै गएका छन्। प्रधानमन्त्री, मन्त्रीहरू तथा अन्य जिम्मेवार अधिकारीहरूले भ्रष्टाचार नियन्त्रणलाई आफ्नो जिम्मेवारी र दायित्वभित्र पर्दछ भन्ने सामान्य कुरामै ध्यान दिन छाडेका छन्। भ्रष्टाचार बढ्नु आफ्नो अक्षमता हो भन्नेबारेमा उनीहरू स्वयं अनभिज्ञझैं छन्। नागरिक समाज र आमसञ्चारमाध्यमले भ्रष्टाचारविरुद्ध काम गर्ने भूमिकालाई पनि संकुचित बनाउँदै लगेको छ। परिणामतः जति आर्थिक अपचलन र भ्रष्टाचार गरे तापनि अख्तियारको छानबिन र अभियोजनबाट जोगिन सक्ने व्यक्ति 'सदाचारी' हो भन्ने भाष्य निर्माण भएको छ। आफ्ना सहकर्मी, परिवार, समाज, छिमेकी, आफ्नै कार्यालयका प्रमुख वा अरू जोकोहीले भ्रष्टाचार गरेको थाहा पाए पनि केही फरक पर्दैन, अख्तियारबाट जोगिन पाए पुग्यो भन्ने बुझाइको विकास भएको छ। यसले भ्रष्टाचारलाई 'घटना' बाट 'संस्कृति' का रूपमा विकास गर्दै लगेको छ। वास्तवमा भ्रष्टाचार नियन्त्रणका लागि अख्तियार मात्रै पूर्ण जिम्मेवार निकाय होइन र हुन सक्दैन। अख्तियारको स्रोत साधन, जनशक्ति, संस्थागत क्षमता, कानुनी अधिकारको दायरा सीमित छ। अख्तियारको तुलनामा कार्यपालिका, न्यायपालिका, व्यवस्थापिका तथा नागरिक समाजको क्षमता र जिम्मेवारी उत्तिकै ठूलो हुन्छ।

भ्रष्टाचार नियन्त्रणका लागि अख्तियारलाई कानुनी रूपमा बलियो बनाउनु अनिवार्य पूर्वसर्त हो। यद्यपि यो मात्र सम्पूर्ण होइन। भ्रष्टाचार नियन्त्रणको अख्तियारीकरणले देशमा भ्रष्टाचार नियन्त्रण गर्न सक्दैन। यसका लागि अन्य निकायहरूले पनि प्रभावकारी भूमिका खेल्नुपर्दछ। भ्रष्टाचार हुनै नदिने संस्थागत, नीतिगत तथा प्रणालीगत व्यवस्था नेपाल सरकारले निर्माण गर्नुपर्दछ। तर यसो हुन सकेको छैन। उदाहरणका लागि ०७२ सालमा जारी भएको संविधानले अनुचित कार्यसम्बन्धी जिम्मेवारी अख्तियारको क्षेत्राधिकारबाट हटाइदियो। तर २०८१ सालसम्म पनि अनुचित कार्यसम्बन्धी अनुसन्धान गर्ने तथा कारबाहीका लागि सिफारिस गर्ने जिम्मेवारी कसको हो भन्नेबारेमा कानुन निर्माण भएको छैन।

त्यस्ता अनुचित कार्य गर्नेहरू निर्बाध रूपमा कारबाहीको दायरा बाहिर छन्। यसका बारेमा तत्काल कानुन बनाएर सुशासन अभिवृद्धि गर्ने जिम्मेवारी कार्यपालिका र व्यवस्थापिका संसद्को हो। तर दुवै निकाय आफ्नो जिम्मेवारीबाट चुक्दा अनुचित कार्य बढिरहेको छ। व्यापक चर्चामा आएता पनि 'स्वार्थको द्वन्द्व' सम्बन्धी कानुन बन्न सकेको छैन।

भ्रष्टाचार हुनै नदिने, भ्रष्टाचार हुनबाट रोक्ने विधि तथा प्रक्रिया अवलम्बन गर्ने जिम्मेवारी अख्तियारको मात्र होइन यो त कार्यपालिका, न्यायपालिका, व्यवस्थापिका र नागरिक समाज सबैको हो। यस्ता सम्पूर्ण निकायको साझा र सामूहिक प्रयत्नबाट मात्र भ्रष्टाचार नियन्त्रणको कार्यभार पूरा गर्न सकिन्छ।

# अध्यादेश किन र केका लागि ?



विन बहादुर कुँवर

त्यसैले अन्त्यमा यहाँ जे भनिए पनि त्यो हुँदैन। सत्ता पक्ष र प्रतिपक्षको यो हानथाप र लुछाचुंडी पनि भागवण्डाको लडाइँ हो। जनतालाई देखाउने चालबाजी मात्र हो। त रोए झैं गर म कुटे झैं गर्छु भन्ने बहानाबाजी हो। खाने र मिल्ने बेलामा सबै तै चुप मै चुप। सुस्ता, कालापानीमा भारतीय फौजको परेड छ, तर यी दल, नेता, सरकार कसैलाई केही मतलब छैन। एमसीसी र बी.आर.आइ.साम्रराज्यवादी परियोजना पारित गराउन सबै एक छन्।

केही दिन पहिले वर्तमान सरकारद्वारा जारी भएको अध्यादेशमाथि यो चालु सदनमा छलफल हुँदैछ। अध्यादेश जारी भएको दिनदेखि नै यसको विरोध प्रतिपक्षी दलहरुले गर्दै आइरहेका छन्। यसको विरोध प्रतिपक्षी दलहरुले मात्रै होइन स्वयं कतिपय सत्ता पक्षीय दलहरुले पनि यसको विरोध गरिरहेका छन्। यो विरोधका पछाडि मूलतः प्रतिपक्षी दलहरुको आसय सदन आह्वान नगरी यसलाई बाइपास गरेर आफू खुसी यस्ता अध्यादेश जारी गर्दै शासन सत्ता सञ्चालन गर्ने निरंकुशशैली र अभ्यास सरकारले गर्दै छ भन्ने हो। यस खाले अध्यादेश यसभन्दा पहिलेका सरकारहरुले पनि पटक-पटक जारी गर्ने गरेका थिए। तर त्यतिबेला पनि त्यसको विरोध भएकै थियो। तै पनि अहिले यसप्रति अलि बढी विरोध र शंका उपशंका छ। कतै बाँदरका हातमा नरिवल भने जस्तै प्रधानमन्त्री केपी ओलीको आदेशमा यस खाले अध्यादेश जारी गरिदा शंका गर्ने ठाउँ प्रशस्त छ। पटक-पटक संविधानकै खिलाप संघीय सदनकै विघटन गर्ने गरेका पहिलेका घटनाक्रमले प्रतिपक्षी दलहरु झस्कनु स्वाभाविक नै छ।

प्रतिपक्षी दलहरुको यस प्रकारको आशंकालाई अझ बल पुऱ्याउने काम तत्काल संघीय सदनको हिउँदे अधिवेशन बोलाउनै पर्ने अवस्था देखिदा देखिदै यसरी एकाएक यस्ता अध्यादेश जारी गरिहनुले भएको थियो। तर अहिले संघीय सदनको अधिवेशन बोलाइएको छ र छलफल जारी छ। सदनको बहुमतले अब त्यो के गर्छ हेर्न बाँकी छ। सरकारले सदनमा यी सबै अध्यादेश छलफल र पारित गर्नका लागि पेश गरिसकेको छ। यसबाट प्रतिपक्षीहरुले गर्ने गरेको आशंका अर्थात सदन छलेर एकलौटी निरंकुश शैलीमा शासन सत्ता सञ्चालन गर्ने सरकारको नियत अब देखिएन।

तै पनि सरकारले अब ती सबै अध्यादेश फिर्ता गरी पुनः अब ती सबै अध्यादेशलाई विधेयकको रुपमा सदनमा पेश नगरी त्यही अध्यादेशकै रुपमा तत्काल सदनबाट नै पारित गराउनमा देखिएको छ। अब यसका पछाडिको मूल कारण के छ ?

पहिलो कुरा त यस प्रकारका अध्यादेश जारी गर्ने सरकारको संवैधानिक अधिकार हो। जुन प्रकारले प्रतिपक्षी दलहरुले विरोध गर्दै आएका छन्।

त्यो होइन। संविधानको धारा ११४ मा त्यो व्यवस्था गरिएको छ। त्यही बमोजिम अहिले सदनमा पेश भएको छ। सदनबाट पारित भए लागू हुनेछ नभए त्यो स्वतः निस्क्रिय हुनेछ। निस्क्रिय वा खारेज नभए पनि त्यसको अवधि खाली केवल ६० दिनको मात्र हुनेछ त्यसपछि त्यो स्वतः निस्क्रिय हुनेछ। अब यो अवस्थामा सरकारलाई के लाग्यो र यस्ता अध्यादेश जारी गरी सदनबाट नै पारित गरी लागू गर्न खोजिरहेको छ ? प्रश्न यहाँ छ। सबैलाई थाहा छ वर्तमान राज्य सत्ता सामन्ती, दलाल र नोकरशाही बुर्जुवाहरुकै हो। त्यसमा पनि अहिले आएर जोडिएको सस्तो लोकप्रियता, हौवा र स्टन्टवाज छ। राम्रा राम्रा राजनीतिक नारा दिइन्छ, कार्यक्रम बनाइन्छ, ती तत्काल लागू गर्नका लागि अर्थात् गर्न त खोजेको हो तर गर्न दिइएन भनी जनतालाई भ्रम पारिन्छ।

ठीक यो आज पूर्व प्रधानमन्त्री प्रचण्ड अनि पूर्व उपप्रधानमन्त्री रवि लामिछानेको हकमा देखिएको छ। यी दुवैको स्वर अहिले यही छ भ्रष्टाचार र सुशासनको सुई सोझिएको थियो। अर्थात् ओलीको गिरी बन्धु टि गार्डेन र देउवा पत्नी आरजुसितसम्बन्धी नक्कली भुटानी प्रकरणका प्रमुख भनिने बेचन झाको गिरफ्तारीका कारण प्रचण्ड सरकार ढलाईको प्रचारबाजी। वास्तवमा यी दुवै अर्थात् प्रचण्ड र रवि के कति भ्रष्टाचारका विरोधी र सुशासनका पक्षपाती रहनेछन् भन्ने त प्रचण्डका अनेकौं यस्ता जस्तो क्यान्टेनमेन्ट, एनसेल र हालै उद्घाटित नुवाकोट दरबार जग्गा प्रकरण बाहिरीसकेका छन्। त्यस्तै रविको त सहकारी ठगीदेखि दुईवटा पासपोर्ट, राहदानी जस्ता घटना बाहिरीसकेका छन्। अझ खोज्दै जाने हो भने यी दुवैका यस्ता कैयौं घटना प्रकरण बाहिरिदै जानेछ।

अहिले प्रम ओली ने.का. सभापति देउवाले पनि यस्तै केही हौवाबाजी गर्नै पर्ने छ। अर्थात् केही नयाँ जनतासँग प्रत्यक्ष सरोकार राख्ने यस्ता सवाल उठाएर आफू लोकप्रिय बन्ने अवसरको खोजी। यस्ता सवाल उठाएर पहिले त आफू माथि लागेका आरोप जस्तो गिरी बन्धु टि गार्डेन अनि नक्कली भुटानी शरणार्थी प्रकरणलाई निस्तेज पार्ने त्यसपछि त्यस्ता अध्यादेश जारी गरेर गर्न त खोजेको हो।

तर के गर्ने प्रतिपक्षी दल, अदालत आदिले गर्न दिएनन् ? खाली हौवाबाजी, स्टन्टवाज फैलाउने। मिसन २०८४ को संसदीय सदनको निर्वाचनको मात्र हो। तर प्रतिपक्षी दलहरुलाई डर के छ भने कतै ओली-देउवा मिलेर यसखाले जनपक्षीय समस्याहरुलाई समाधान गराउने त होइन ? साँच्चै नै अहिले भने बमोजिम ओली-देउवाले यस्तै गरी देखाए भने माओवादी प्रचण्ड, रास्वपाका रवि, माधव सबै पत्तासाप हुने भयमा तडपिन थालेका छन्। त्यही भएर जन्मदेखिको बल लगाएर जसरी हुन्छ यसलाई असफल पारेरै छाड्ने अडानमा उनीहरु छन्।

ओली-देउवा भने ढुक्क छन्। आए आँप गए झटारो। अर्थात् पारित भए केही गरे जस्तो गर्ने। पारित नभए हाई संचो विपक्षीले गर्न दिएनन्। हौवा पिट्दै हिंड्ने। यस्ता अध्यादेशमा उठाइएका दीर्घकालीन महत्वका विषय जुन ६० दिनभित्र पूरा हुने कुरै हुन्न। ६० दिनपछि त त्यो स्वतः निस्क्रिय भइहाल्छ नै। तै पनि यदि साँच्चै नै केही गरी देखाउने हुटहुटी भए प्रम ओली र देउवालाई अहिले ठूलो अवसर छ। करिब दुई तिहाई बहुमत नजिकको सदन छ। काग कराउँदै छ पिना सुक्दैछ भने जस्तै प्रचण्ड-रवि-माधव कराउँदै छन्। ओली-देउवा यस्ता राम्रा जनपक्षीय काममा अघि बढे कसको के लाग्छ ? आखिर सबै तै चुप मै चुप। गर्न चाहनेलाई ६० दिन त के २४ घण्टा पनि काफी नै हुन्छ। उदाहरण कुनै एक भारतीय फिल्ममा एक नायक २४ घण्टाका लागि सरकार प्रमुख बन्छन्। त्यसपछि उनले मिनेट मिनेटमा नयाँ नयाँ सरकारी निर्णयहरु घोषणा गर्दै प्रशासनिक निकायलाई लागू गर्न आदेश दिँदै जान्छन्। धमाधम उनको आदेश लागू हुँदै पनि जान्छ। आखिर २४ घण्टामा यहाँ राज्यमा कायपलट भएको देखाइन्छ। चाहे जे पनि हुन्छ भन्ने सन्देश त्यो फिल्मको हो।

तर यो खाली चमत्कारी मात्र हो। तैपनि त्यस्तो चमत्कारी देखाउने तागत अनि नैतिकता पनि ओली-देउवामा कहाँ छ र ? विभिन्न भ्रष्टाचार र अनैतिक काण्डै काण्डैमा मुछिएका र डामिएकाहरुमा यस्तो हिम्मत कहाँ आउँछ र ? अझ प्रचण्ड-रवि-माधवहरुमा त झन् यस्तो हिम्मत कहाँ हुनु ?

वास्तवमा गर्न चाहानेहरुका लागि यस्ता अनेकथरि अध्यादेशको आवश्यकता नै पर्दैन। सत्ताको सरकार छ पुलिस, प्रशासन, अदालत र सेना सबै छ। चाहे एउटा सरकारी निर्णय र आदेशको भरमा यहाँ जे पनि हुन सक्छ। तर यी सबैमा मन परितन्त्र छ। लुट्ने, खाने, ठग्ने, भ्रष्टाचारी गर्ने प्रचलन छ। दलाल, विचौलिया र कमिशन खोरको बिगबिगी छ। यस्तै दलाल र विचौलियाहरुले हरेक दलका नेता-कार्यकर्ताहरुलाई परिचालन गर्ने गरेका छन्। सरकार, सदन, सेना-पुलिस, अड्डा, अदालत सबैमा यस्तै दलाल र विचौलियाहरुको बिगबिगी छ। भन्ने एउटा गर्ने अर्को। मुखले रामराम बगलीमा छुरा। यही नै यो राज्यसत्ताको मूल चरित्र हो। त्यसैले अन्त्यमा यहाँ जे भनिए पनि त्यो हुँदैन।

सत्ता पक्ष र प्रतिपक्षको यो हानथाप र लुछाचुंडी पनि भागवण्डाको लडाइँ हो। जनतालाई देखाउने चालबाजी मात्र हो। त रोए झैं गर म कुटे झैं गर्छु भन्ने बहानाबाजी हो। खाने र मिल्ने बेलामा सबै तै चुप मै चुप। सुस्ता, कालापानीमा भारतीय फौजको परेड छ, तर यी दल, नेता, सरकार कसैलाई केही मतलब छैन। एमसीसी र बी.आर.आइ.साम्रराज्यवादी परियोजना पारित गराउन सबै एक छन्। सच्चा देशभक्ति र राष्ट्रवाजी सोंच कसैमा छैन। जतातत्तै राष्ट्रघात र जनघात मात्र छ।

# नेप्से १०.९८ अंकले घट्यो



काठमाडौँ। नेपाल स्टक एक्सचेन्ज परिसूचक (नेप्से) घटेको छ। साताको दोस्रो दिन सोमबार बजार परिसूचक १०.९८ अंकले घट्दा परिसूचक २६७७.३२ अंकमा पुगेको हो। बजारमा ६ अर्ब ९६ करोड रुपैयाँ बराबरको कारोबार भएको छ। अघिल्लो दिन बजारमा ८ अर्ब ३३ करोडको कारोबार भएको थियो।

समग्र बजार घट्दा १६१ वटा कम्पनीको मूल्यमा गिरावट आएको छ। ७७ कम्पनीको मूल्य बढ्दा ६ वटा कम्पनीको मूल्य स्थिर रहेको छ। घट्दो बजारबिच १३ वटा समूहमध्ये ११ वटा समूहको सूचकमा गिरावट आएको छ। यसमध्ये सबैभन्दा धेरै फाइनान्स समूहमा गिरावट आएको छ। अन्य समूह र व्यापारमूलक समूहको सूचक भने सामान्य बढेको नेप्सेको तथ्यांक छ। बजारमा मूल्य र कारोबार रकमका आधारमा पाँच वटा कम्पनी बढी चर्चा (हाइलइट) मा रह्यो। यसमध्ये न्यादी ग्रुप पावर र गार्डियन माइक्रो लाइफ इन्स्योरेन्सको मूल्य १० प्रतिशतले बढेर सकारात्मक सर्किट लागेको छ। त्यस्तै, बोटलर्स नेपाल र उपकार लघुवित्तको सेयरमूल्य १० प्रतिशतले घटेर नकारात्मक सर्किट लागेको छ।

त्यस्तै, नेपाल रिपब्लिक मिडिया बजारमा सर्वाधिक कारोबार हुने कम्पनी बनेको छ। कारोबार संख्याका आधारमा पनि सोही कम्पनी अगाडि देखिएका छन्।


## Binayi Tribeni Rural Municipality

# Office of Rural Municipal Executive

**Nawalparasi (East of BardghatSusta), Dumkibas**

**Gandaki Province, Nepal**

# Invitation for Bids

Date of publication: 2081/10/29, (11th ,Feb, 2025)

1.Office of Binayi Tribeni Rural MunicipalityinvitesHard Copy bids from eligible bidders for the following good sunder Seal Quatation procedures.

| S.N. | Contract ID | Description of Goods | Estimate Amount | Bid Security Amount (NRs.) | Cost of Bid Document (NRs.) | Last Date of Bid submit | Bid Valid Period | Date of Pre-bid Meeting | Remarks |
|---|---|---|---|---|---|---|---|---|---|
| 1 | 43/BTRM /SQ/ Goods/ 2081-082 | Procurement of Agricultural machinery Goods | 1863000 | 55890.00 | 1000.00 | 2081/11/14 (26th, Feb, 2025) Before 12:00 | 45 Days | 2081/11/09 (21th, Feb, 2025) at 1:00 PM | |
| Cost of Bidding Document in Bank | Name of the Bank: Siddharth Bank LTD Dumkibas branch, Nawalparasi(East ) Name of Office: BinayiTribeni Rural Municipality, Nawalparasi (East) BinayiTribeniGaunpalika GA1.1 AantarikRajashwoKhata : 00815413078 | | | | | | | | |
| Cost of Bid Security in Bank | Name of the Bank: Siddhartha Bank LTD Dumkibas, Nawalparasi(East) Name of Office: BinayiTribeniRuralMunicipality, Nawalparasi(East) BinayiTribeniGaunpalika GA03 DharautiKhata. : 00815153326 | | | | | | | | |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office BinayiTribeni Rural Municipality, Nawalparasi (East of bardghat-susta),Dumkibas. Phone no.078-416185, 078-416182, website: www.binayitribenimun.gov.np.

3. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

Chief Administrative Officer

# जनउत्थान सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेड

नेपाल राष्ट्र बैंक बाट "घ" वर्गको इजाजत पत्र प्राप्त वित्तीय संस्था (१९ जिल्ला कार्यक्षेत्र भएको)

केन्द्रीय कार्यालय; बुटवल-१०, रुपन्देही।

## १४औं वार्षिक साधारण सभा सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः– २०८१/१०/२९ गते**

**आदरणीय शेयरधनी महानुभावहरु,**

यस संस्थाको मिति २०८१/१०/२८ गतेका दिन बसेको सञ्चालक समितिको २३१औं बैठकको निर्णय बमोजिम संस्थाको १४औं वार्षिक साधारण सभा निम्न मिति, स्थान र समयमा देहाय बमोजिमका प्रस्तावहरु उपर छलफल गरी निर्णय गर्नका लागि कम्पनी ऐन २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी एवम् उपस्थितीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**सभा हुने मिति, स्थान र समय**

मिति : २०८१/११/२४ गते शनिवार (तदनुसार ०८मार्च, २०२५)

स्थान : होटल न्यू ईरा, बुटवल उप-महानगरपालिका वडा नम्वर ०९, कालिकापथ, रुपन्देही।

समय : अपराह्न १:०० बजे

**छलफलका विषयहरुः**

**क) सामान्य प्रस्तावहरु :–**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नुहुने आ.व.२०८०/०८१ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०८१ आषाढ मसान्तसम्मको वासलात, आ.व. २०८०/०८१ को नाफा नोक्सान हिसाब, सोही अवधिको नगद प्रवाह विवरण, इक्विटीमा भएको परिवर्तन सम्वन्धी विवरण र सम्वन्धित अनुसूचीहरु उपर छलफल गरी पारित गर्ने।

३. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार लेखापरीक्षण समितिको सिफारिस बमोजिम आर्थिक वर्ष २०८१/०८२ को लागि लेखापरिक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने।

**ख. विशेष प्रस्तावहरु :–**

१. भविष्यमा अन्य उपयुक्त लघुवित्त वित्तीय संस्थालाई गाभ्ने/गाभिने वा प्राप्ती गर्ने कार्यका लागि सम्झौता गर्ने, DDA गर्ने लगायत अन्य गाभ्ने/गाभिने वा प्राप्ती सँग सम्बन्धीत सम्पूर्ण प्रकृयाहरु पूरा गर्न गराउन संचालक समिति वा समितिले तोकेको व्यक्तिलाई अधिकार प्रत्यायोजन गर्ने।

२. वित्तीय संस्थाको प्रबन्धपत्रमा संशोधन (थप/घट) गरी पारित गर्ने सम्बन्धमा। (तीन महले बमोजिम)

३. प्रबनधपत्रमा प्रस्तावित संशोधन/थप मा नियमनकारी निकायले फेरबदल, परिमार्जन वा संशोधन गर्न सुझाव वा निर्देशन दिएमा सोही अनुरुप आवश्यक फेरवदल, परिमार्जन वा संशोधन गर्न संचालक समितिलाई अधिकार प्रत्यायोजन गर्ने।

**ग. विविध**

**सञ्चालक समितिको आज्ञाले,**

**कम्पनी सचिव**

**साधारण सभा सम्बन्धी थप जानकारी**

१. १४औंवार्षिक साधारण सभा प्रयोजनको लागिशेयरधनी दर्ता किताब मिति २०८१/११/०६ गतेका दिन बन्द रहनेछ। नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०८१/११/०५ गते सम्म कारोबार भई प्रचलित कानुन बमोजिम यस संस्थाको शेयर रजिष्ट्रार सिद्धार्थ क्यापिटल लि. नक्साल, काठमाण्डौमा प्राप्त शेयर नामसारी लिखतको आधारमा शेयर धनी कितावमा कायम शेयरधनीहरुले सो सभामा भाग लिन पाउन योग्य हुने व्यहोरा सर्वसाधारण सबैको जानकारीको लागि सूचित गरिन्छ।

२. १४औं वार्षिक साधारण सभाको प्रतिवेदन शेयरधनी महानुभावहरुले यस संस्थाको केन्द्रीय कार्यालयबाट, संस्थाको शेयर रजिष्ट्रार सिद्धार्थ क्यापिटल लि. नक्साल, काठमाण्डौंबाट वा सभा हुने दिन साधारण सभा स्थलबाट प्राप्त गर्न सक्नुहुनेछ। साथै, यस संस्थाको वेबसाईट www.jucbank.com.np मा समेत हेर्न सक्नुहुनेछ।

३. सभामा भाग लिन उपस्थित हुने शेयर धनी महानुभावहरुले संस्थाको शेयर अभौतिकीकरण/ अभौतिकीकरण खाताको विवरण (शेयर अभौतिकीकरण नगरेका शेयरधनीहरुको हकमा सक्कल शेयर प्रमाण पत्र) र यी दुई मध्ये कुनै एकका साथ आफ्नो परिचय खुल्ने प्रमाण वा सो को प्रतिलिपी अनिवार्य रुपमा साथमा लिएर आउनु हुन अनुरोध गरिन्छ। संगठित संस्था वा कम्पनीबाट प्रतिनिधित्व गर्ने भएमा कम्तीमा ४८ घण्टा अगावै संगठित संस्थाको आधिकारीक पत्र यस संस्थाको केन्द्रीय कार्यालयमा पेश गर्नु पर्नेछ।

४. सभामा भाग लिनका लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरुले तोकिएको ढाँचामा संस्थाको शेयरधनीहरुलाई मात्र प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न सक्नेछन्। यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएको निवेदन संस्थाको केन्द्रीय कार्यालय, बुटवल-१०, रुपन्देहीमा साधारण सभा हुनु भन्दा कम्तीमा ४८ घण्टा अगावै दर्ता गरिसक्नु पर्नेछ। उल्लेखित दिन सार्वजनिक बिदा परेमा समेत सो प्रयोजनका लागि संस्थाको केन्द्रीय कार्यालय, कार्यालय समयमा खुल्ला रहनेछ। प्रोक्सी फारम यस वित्तीय संस्थाको वेबसाईट www.jucbank.com.np बाट download गर्न सकिनेछ। प्रतिनिधि (प्रोक्सी) नियुक्ति गरिसकेपछि उक्त प्रतिनिधि बदर गरी अर्को मुकरर गर्ने भएमा सो को लिखित सूचना सोही अवधि भित्र संस्थाको केन्द्रीय कार्यालयमा दर्ता गराउनु पर्नेछ। एकै शेयरधनीले एक भन्दा बढी व्यक्तिहरुलाई प्रतिनिधि (प्रोक्सी) नियुक्ति गरेको पाईएमा त्यस्तो सबै प्रतिनिधि पत्र (प्रोक्सी) बदर हुनेछ।

५. प्रतिनिधि (प्रोक्सी) नियुक्ति गरीसकेको शेयरधनी आफै सभामा उपस्थित भई हाजिरी पुस्तिकामा दस्तखत गरेमा नीजले दिएको प्रतिनिधि (प्रोक्सी) स्वतः बदर हुनेछ।

६. सभामा भाग लिने प्रत्येक शेयरधनी महानुभावहरुले सभा हुने स्थानमा रहेको उपस्थिती पुस्तिकामा दस्तखत गर्नु पर्नेछ, शेयरधनी उपस्थिती पुस्तिका अपराह्न १२:१५ बजे देखि सभा सञ्चालन रहे सम्म खुल्ला रहनेछ।

७. नाबालक शेयरधनीको तर्फबाट संरक्षकले सभामा भाग लिन, छलफल गर्न, प्रतिनिधि नियुक्त गर्न र मतदान गर्न सक्नेछन्। शेयरवालाको दर्ता किताबमा संरक्षकको रुपमा नाम लेखिएको व्यक्तिलाई मात्र संरक्षक मानिनेछ। संयुक्त शेयर धारण गरिएको अवस्थामा लगत कितावमा पहिले नाम उल्लेख भएको व्यक्ति अथवा सर्वसम्मतबाट प्रतिनिधि नियुक्ति गरिएको १ जना व्यक्तिले मात्र भाग लिन र मतदान गर्न पाउनेछन्।

८. शेयरधनीज्यूहरु बाट व्यक्त गरिएका प्रश्न, जिज्ञासा वा मन्तब्यहरुको सम्बन्धमा सञ्चालक समितिको तर्फबाट अध्यक्ष वा नीजबाट अनुमति प्राप्त ब्यक्तिले जवाफ दिन सक्नेछन्।

९. संयुक्त रुपमा शेयर खरिद गरिएको अवस्थामा लगत कितावमा पहिले नाम उल्लेख भएको व्यक्ति अथवा सर्वसम्मतबाट प्रतिनिधि नियुक्त गरिएको एक व्यक्तिले मात्र सभामा भाग लिन पाउनेछ।

१०. विविध शिर्षक अन्तर्गत छलफल गर्न चाहने शेयरधनी महानुभावहरुले छलफल गर्न चाहेको विषय सभा हुनुभन्दा ७ दिन अगाबै लिखित रुपमा अध्यक्ष समक्ष पेश गर्नु पर्नेछ। तर त्यसलाई पारित गर्ने प्रस्तावको रुपमा राखिने छैन।

११. अन्य थप जानकारीका लागि संस्थाको केन्द्रीय कार्यालय, बुटवल-१०, कालिकानगर,रुपन्देही वा कार्यालयको फोन नं. ०७१-४३८१७१मा सम्पर्क गर्नुहुन अनुरोध छ।

# जनउत्थान सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेड

नेपाल राष्ट्र बैंक बाट "घ" वर्गको इजाजत पत्र प्राप्त वित्तीय संस्था (१९ जिल्ला कार्यक्षेत्र भएको)

केन्द्रीय कार्यालय; बुटवल-१०, रुपन्देही।

## Unaudited Financial Report (Quarterly)
### As on Second Quarter for the Fiscal Year 2081/082 (29/09/2081)

| S.N. | Particulars | This Quarter Ending | Previous Quarter Ending | Corresponding Previous Year Quarter Ending |
|---|---|---|---|---|
| 1 | **Total Capital & Liabilities (1.1 to 1.7)** | **2,323,486.97** | **2,379,085.64** | 2378602.82 |
| 1.1 | Paid-up Capital | 170,091.90 | 170,091.90 | 170,091.90 |
| 1.2 | Reserves and Surplus | 77,620.08 | 86,043.78 | 94,052.87 |
| 1.3 | Debenture and Bond | | | |
| 1.4 | Borrowings | 1,102,403.18 | 1,171,458.15 | 1,225,334.67 |
| 1.5 | Deposits (a+b) | **900,115.59** | **876,590.70** | **835,964.44** |
| | a. Domestic Currency | 900,115.59 | 876,590.70 | 835,964.44 |
| | b. Foreign Currency | | | |
| 1.6 | Income Tax Liabilities | - | 3,355.42 | 4,344.30 |
| 1.7 | Other Liabilities | 73,256.22 | 71,545.68 | 48,814.64 |
| 2 | **Total Assets (2.1 to 2.7)** | **2,323,486.97** | **2,379,085.64** | 2378602.82 |
| 2.1 | Cash & Bank Balance | 39,235.36 | 12,125.85 | 24,751.39 |
| 2.2 | Money at call and short Notice | 119,590.20 | 177,646.91 | 194,442.70 |
| 2.3 | Investments | | | |
| 2.4 | Loans & Advances (a+b+c+d+e+f) | **2,121,141.14** | **2,098,530.67** | **2,074,420.82** |
| | a. Real Estate Loan | - | - | - |
| | 1. Residential Real Estate Loan (Except Personal Home Loan upto Rs 10 million) | - | - | - |
| | 2. Business Complex & Residential Apartment Construction Loan | - | - | - |
| | 3. Income generating Commercial Complex Loan | - | - | - |
| | 4. Other Real Estate Loan (Including Land Purchase & Plotting) | - | - | - |
| | b. Personal Home Loan of Rs. 10 million or less | - | - | - |
| | c. Margin Type Loan | - | - | - |
| | d. Term Loan | - | - | - |
| | e. Overdraft Loan / TR Loan / WC Loan | - | - | - |
| | f. Others | 2,121,141.14 | 2,098,530.67 | 2,074,420.82 |
| 2.5 | Fixed Assets | 8,408.42 | 8,280.39 | 9,959.51 |
| 2.6 | Non Banking Assets | | | |
| 2.6 | Other Assets | 35,111.85 | 82,501.81 | 75,028.40 |
| 3 | **Profit and Loss Account** | | | |
| 3.1 | Interest income | 133,920.74 | 66,214.92 | 145,653.58 |
| 3.2 | Interest Expense | 85,137.81 | 43,396.64 | 101,951.83 |
| A | **Net Interest Income (3.1-3.2)** | **48,782.93** | **22,818.28** | **43,701.75** |
| 3.3 | Fees Commission and Discount | - | - | - |
| 3.4 | Other Operating Income | 11,300.46 | 6,369.12 | 21,356.59 |
| 3.5 | Foreign Exchange Gain/Loss (Net) | - | - | - |
| B | **Total Operating Income (A+3.3+3.4+3.5)** | **60,083.39** | **29,187.40** | **65,058.33** |
| 3.6 | Staff Expenses | 38,586.54 | 21,627.89 | 41,158.48 |
| 3.7 | Other Operating Expenses | 11,311.96 | 5,844.69 | 12,885.98 |
| C | **Operating profit Before Provision (B-3.6-3.7)** | **10,184.89** | **1,714.82** | **11,013.88** |
| 3.8 | Provision for Possible Loss | 26,738.10 | 9,505.43 | 14,388.12 |
| D | **Operating profit (C-3.8)** | **(16,553.21)** | **(7,790.61)** | **(3,374.25)** |
| 3.9 | Non Operating Income/Expenses (Net) | - | - | - |
| 3.10 | Write Back of Provision for Possible Loss | 8,629.99 | 4,746.34 | 19,464.25 |
| E | **Profit From Regular Activities (D+3.9+3.10)** | **(7,923.22)** | **(3,044.27)** | **16,090.01** |
| 3.11 | Extraordinary Income/Expenses (Net) | - | - | - |
| F | **Profit Before Bonus and Taxes (E+3.11)** | **(7,923.22)** | **(3,044.27)** | **16,090.01** |
| 3.12 | Provision For Staff Bonus | - | | 1,609.00 |
| 3.13 | Provision For Tax | - | | 4,344.30 |
| G | **Net Profit/Loss (F-3.12 -3.13)** | **(7,923.22)** | **(3,044.27)** | **10,136.70** |
| 4 | **Ratios** | | | |
| 4.1 | Capital Fund to RWA | 9.47% | 9.29% | 9.98% |
| 4.2 | Non Performing Loan (NPL) to Total Loan | 5.84% | 8.63% | 7.87% |
| 4.3 | Total Loan Loss Provision to total NPL | 80.35% | 48.65% | 57.06% |
| 4.4 | Cost of Funds | 8.12% | 8.69% | 9.17% |
| 4.5 | Credit to Deposit & Borrowing Ratio | 89.97% | 106.96% | 105% |
| 4.6 | Base Rate | 13.71% | 14.35% | 14.52% |
| 4.7 | Interest Rate Spread | 6.12% | 6.28% | 4.92% |

नोट : उल्लेखित अपरिष्कृत वित्तीय विवरण नेपाल लेखामान बोर्डबाट जारी भई नेपाल चार्टर्ड एकाउन्टेण्ट्स संस्थाद्धारा अनुपालना गरिएको व्यवस्था बमोजिम नेपाल राष्ट्र बैंक द्धारा घ वर्गका लघुवित्त वित्तीय संस्थालाई जारी गरिएको एकिकृत निर्देशन बमोजिम तयार पारिएको छ। यस वित्तीय विवरणमा नियमनकारी निकाय तथा बाह्य लेखापरिक्षक बाट कुनै फेरबदल गर्ने सुझाब बमोजिम परिवर्तन हुन सक्नेछ।

## धितोपत्र दर्ता तथा निष्काशन नियमावली , २०७३ को अनुसुची १४ को नियम २६ को उपनियम (१) संग सम्बन्धित
## आ.व. २०८१/०८२ को दोस्रो त्रैमासिक प्रतिवेदन

**१.वित्तीय विवरण :**

**क. त्रैमासिक अवधिको वासलात, नाफा नोक्सान सम्वन्धी विवरणः–** यस वित्तीय संस्थाको आ. व. २०८१/०८२ को दोस्रो त्रैमासको वासलात, नाफा/नोक्सान सम्बन्धि विवरण यसै साथ प्रकाशित गरिएको छ। जसलाई वित्तीय संस्थाको वेबसाईट (www.jucbank.com.np)मा पनि राखिएको छ।

**ख.प्रमुख वित्तीय अनुपातहरु :**

| प्रति शेयर आम्दानी (वार्षिकीकरण) | मुल्य आम्दानी अनुपात | प्रति शेयर नेटवर्थ | प्रति शेयर कुल सम्पत्तिको मूल्य | तरलता अनुपात |
|---|---|---|---|---|
| -९.३२ | -१७५.७० | १४५.६३ | १,३६६.०२ | ६.०० |

**२.ब्यवस्थापकीय विश्लेषणः**

**(क) त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भएको भए सो को प्रमुख कारण सम्बन्धी विवरण :**

चालु आर्थिक वर्षको दोस्रो त्रैमासिक अवधिमा संस्थाको कर्जा विस्तार न्यून रहेको छ। वित्तीय क्षेत्रमा फैलाईएको नकारात्मक तथा भ्रामक सन्देशको कारणले समग्र देशकै बैकिङ तथा लघुवित्त सेवा प्रभावित भएको छ। ऋणी सदस्य संख्या, सदस्यहरुबाट प्राप्त हुने बचत, कर्जा लगानी तथा कोष लागतमा भएको परिवर्तनले संस्थाको कारोबार, मौज्दात र आम्दानीमा परिवर्तन देखिएको छ। व्यवस्थापनले लघुवित्त क्षेत्रमा देखिएको बाह्य जोखिम, कर्जा जोखिम, तथा तरलता जोखिमलाई उच्च प्राथमिकता साथ विश्लेषण गर्दै वित्तीय कारोवारहरु संचालन गदै आएको छ। आगामी दिनमा कर्जाको साँवा तथा ब्याज नियमित असुली हुने, निक्षेप परिचालनमा बृद्धि हुने तथा वित्तीय क्षेत्रमा देखिएको बाह्य समस्यामा क्रमश सुधार भई संस्थाको मौज्दात, आम्दानी र तरलता सन्तोषजनक रहने ब्यवस्थापनको अनुमान रहेको छ।

**(ख) आगामी अवधीको ब्यवसायिक योजना सम्बन्धमा ब्यवस्थापनको विश्लेषणात्मक विवरण :**

वित्तीय संस्थाले आफ्नो ब्यवसायलाई प्रर्वद्धन गर्ने क्रममा संस्थाको कार्यक्षेत्र भित्र पर्ने १९ वटा जिल्लामा ३९ वटा शाखा कार्यालयहरु स्थापना गरी वित्तीय पहुँचबाट वञ्चित समुदायहरुलाई बचत, कर्जा, विप्रेषण, बीमा तथा सामाजिक उत्तरदायित्वसँग सम्बन्धित विभिन्न सेवाहरु उपलब्ध गराउदै आइरहेको छ। संस्थाले ग्राहकको चाहना र आवश्यकतामा आधारित रही विभिन्न प्रकारका योजना सहितको सेवाहरु समय सापेक्ष थप परिमार्जन गर्दै जाने रणनीति लिएको छ। वित्तीय संस्थामा आवद्ध सदस्यहरुको आय आम्दानीमा बृद्धि गरि आर्थिक रुपले सक्षम र सवल बनाउनको लागि विभिन्न खालका सीप तथा उद्यमशिलता सम्वन्धी तालिमहरु तथा वित्तीय साक्षरता संम्वन्धी कार्यक्रमहरु योजनाबद्ध रुपले प्रदान गरिरहेको छ। वित्तीय संस्थामा आवद्ध समुह सदस्यहरुले गर्ने दैनिक कारोवारहरुको जानकारी मोवाईलबाट नै प्रदान गर्ने मूख्य उदेश्यले एस.एम.एस बैङ्किङ सेवा सूचारु गरिएको छ। सदस्यहरुले आफ्नो किस्ता ईसेवा र खल्ती वालेट मार्फत आफै भुक्तानी गर्न सकिने व्यवस्था गरिएको छ। वित्तीय संस्थालाई प्रविधीमैत्री बनाउने मूख्य उदेश्य तथा दैनिक कार्यहरुलाई सरल, पारदर्शि र छिटो छरितो सेवा प्रदान गर्न संस्थाका सम्पूर्ण ३९ वटै शाखा कार्यालयहरु मार्फत ट्याब्लेट बैकिङ्ग प्रणालीको शुभारम्भ गरि कार्यान्वयन गरिसकिएको अवस्थामा अझ यसलाई ब्यवस्थित तथा प्रभावकारी बनाउदै लगिने कार्ययोजना सहित देहायका विषयहरुलाई प्राथमिकतामा राखि कार्य गर्ने व्यवसायिक योजना रहेको छ। राष्ट्रिय स्तरको लघुवित्त का लागी नेपाल राष्ट्र बैंक संग सम्मन्वय गर्ने योजना रहेको छ। समग्र लघुवित्त क्षेत्रमा परेको प्रभावलाई कम गर्न संस्थाको तर्फबाट वित्तीय साक्षरता कार्यक्रम निरन्तर रुपमा गर्दै आईरहेकोमा आगामि दिनमा पनि ग्राहकको घरदैलोमा कार्यक्रम संचालन गदै जाने योजना रहेको छ। निक्षेप बृद्धिका लागी आर्कषक निक्षेप योजना लागु गरिने छ। बास्तविक समस्यामा परेका सदस्यलाई ब्याज छुट गर्ने र व्यवसाय पुनरउत्थानका लागी क्षमता अभिबृद्धि तालिम तथा वित्तीय परामर्श दिदै जाने योजान रहेको छ। ग्राहकको विश्वसनियता र पारदर्शिता लाई ध्यानमा राखि नविनतम प्रविधिहरुको प्रयोग गरि वित्तीय सेवाहरुलाई ग्राहकमुखि बनाउदै लगिनेछ।

**(ग) विगतको अनुभवबाट संगठीत संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्नसक्ने घटना, अवस्था आदि भएमा सो सम्वन्धि विश्लेषणात्मक विवरण :**

लघुवित्त विरुद्धको आन्दोलन, स्रोतको परनिर्भरता र अपर्याप्तता, लघुवित्त संस्थाहरुमा देखिएको कर्जाको दोहोरोपना, अस्वस्थ प्रतिस्पर्धा, बजारमा तरलताको अभावको कारण लागत बढ्ने आदि जस्ता समस्याले गर्दा संस्थाको आम्दानीमा असर परेको छ। भविष्यमा यस्ता किसिमका नकारात्मक असर पार्न सक्ने घटना वा अवस्था आउन नदिन आवश्यक निति नियम, कार्यविधिहरुको तर्जुमा गरि अगाडी बड्ने नीति यस संस्थाले लिएको छ।

**३.कानुनी कारवाही सम्बन्धि विवरण :**

(क) त्रैमासिक अवधिमा संस्थाले वा संस्था विरुद्ध कुनै मुद्धा दायर भएको छैन र त्यस्तो कुनै सूचना पनि प्राप्त भएको छैन।

(ख) संस्थाको संस्थापक वा संचालकले संस्थापक वा संचालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौज्दारी अपराध गरेको सम्बन्धिमा कुनै मुद्दा दायर गरेको वा भएको जानकारी प्राप्त भएको छैन।

(ग) कुनै संस्थापक वा संचालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको छैन।

**४. संगठित संस्थाको शेयर कारोबार सम्बन्धी विश्लेषण :**

(क) यस संस्थाको शेयरहरु नेपाल स्टक एक्सचेन्जमा सुचीकृत भई कारोवार भईरहेको छ। शेयरको मूल्य तथा कारोवार बजारले निर्धारण गर्ने हुँदा यस संस्थाको शेयरको मूल्य तथा कारोवार प्रति तटस्थ छ। प्रचलित कानुन अनुसार लगानीकर्ता तथा सम्बन्धित निकायहरुलाई उपलब्ध गराउनु पर्ने सूचना तथा जानकारी भने संस्थाले उपलब्ध गराएको छ।

(ख) नेपाल स्टक एक्सचेन्ज लिमिटेडको वेबसाइट धधधालभउबकितयअपाअक का अनुसार त्रैमास अवधिको शेयर सम्बन्धी विवरण निम्न अनुसारको रहेको छ :

| अधिकतम मूल्य | न्यूनतम मूल्य | अन्तिम मूल्य | कारोबार दिन | कारोबार संख्या | कारोबार शेयर संख्या |
|---|---|---|---|---|---|
| १,८१८ | १,४४९ | १,६३७ | ५५ | ३,७५२ | २६८,९५२ |

**५.समस्या तथा चुनौतिहरु :**

(क) कर्जा लगानीमा दोहोरोपना तथा कर्जा सदुपयोगितामा ह्रास
(ख) जनशक्तिमा हुन सक्ने परिवर्तन
(ग) निष्कृय कर्जामा बृद्धि भई ब्याज आम्दानीमा संकुचन
(घ) लघुवित्त संस्थाहरुको विरुद्ध अराजक गतिविधिहरुले कर्जा असूलीमा समस्या
(ङ) समुह दायित्व बहनमा आएको समस्या
(च) अर्थतन्त्रको संकुचन, ग्राहकहरुको व्यावसाय र आम्दानीमा परेको प्रभाव

**६.संस्थागत सुशासन :**

संस्थाको दिगो विकास र प्रगति तब मात्र सम्भव छ जब संस्थागत सुशासन कायम रहन्छ यही कुरालाई मनन् गर्दै संस्थागत सुशासन प्रति संस्था सदैव सजग र प्रतिवद्ध रहेको छ। संस्थागत सुशासनलाई प्रभावकारी कार्यान्वयन गर्न गराउन संस्थालाई आवश्यक पर्ने विभिन्न नीति, निर्देशिका तथा कार्यविधिहरु तयार गरी लागु गरिएको छ। संचालकहरुको आचार संहिता लागु गर्ने एंव कर्मचारी विनियमावलीमा कर्मचारी आचार संहिता व्यवस्था गरी सो को पालना एंव नेपाल राष्ट्र बैंकको नीति, निर्देशन अनुसार नियमित अनुगमनको व्यवस्था गरी कडाईका साथ पालना गर्ने गराउने गरिएको छ। संस्थागत सुशासनलाई ध्यान दिदै संस्थामा विभिन्न समिति, उपसमिति तथा विभिन्न विभागहरु खडा गरी जिम्मेवारी अनुसारको कार्य सम्पादन हुने गरेको छ। यसका साथै बाह्य लेखा परीक्षक, आन्तरीक लेखा परीक्षक नियुक्ति गर्नुका साथै संस्थाको केन्द्रीय कार्यालयमा अनुगमन तथा मूल्याङ्कन विभाग खडा गरी संस्थागत सुशासनलाई चुस्तदुरुस्त बनाउन ब्यवस्थापन हरदम प्रयत्नशील रहनुका साथै संस्थाको सुशासनलाई उच्च बनाई राख्न समय सापेक्ष आवश्यकता अनुसार रणनीतिहरु तर्जुमा गरी कार्यान्वयन गर्न ब्यवस्थापन सदैव प्रतिवद्ध रहेको छ। संस्थाले नेपाल राष्ट्र बैंकबाट जारी संस्थागत सुशासन लगाएतका निर्देशन पालना गर्नुका साथै प्रचलित ऐनहरु कम्पनी ऐन २०६३, बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन २०७३, नेपाल राष्ट्र बैंक एन २०५८, धितोपत्र ऐन २०७३, आयकर ऐन २०५८ तथा श्रम ऐन २०७४ पालन गर्दै आएको छ। साथै संस्थाको विद्यमान निति, नियम, विनियम, निर्देशिका तथा कार्यविधिलाई अनुसरण गर्दै वित्तीय कारोबारहरु संचालन हुदै आईरहेको छ।

**७.सत्य, तथ्य सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोष :**

यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धताका सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायी छु। साथै, म यो उद्घोष गर्दछु की मैले जाने बुझे सम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सुसूचित गर्ने तथा निर्णय लिन आवश्यक पर्ने कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन।

# शंकरनगर खानेपानी उपभोक्ता संस्थाका निर्वाचित पदाधिकारीलाई पद स्थापना

बुटवल । शंकरनगर खानेपानीतथा सरसफाई उपभोक्ता संस्थाका निर्वाचित पदाधिकारीहरुलाई पदस्थापना गरिएको छ।

माघ २४ गते सम्पन्न निर्वाचनबाट विजयी पदाधिकारीहरुलाई पद स्थापन गरिएको हो। निर्वाचन समितिका संयोजक टेकबहादुर थापाको अध्यक्षता, तिलोत्तमानगर प्रमुख रामकृष्ण खाँणको प्रमुख आतिथ्यता तथा नगर उप-प्रमुख जागेश्वरीदेवी चौधरीको विशिष्ट आतिथ्यमा पद स्थापना गरिएको थियो।

पद स्थापना कार्यक्रममा बोल्दै प्रमुख अतिथि तिलोत्तमाका प्रमुख रामकृष्ण खाँणले तिलोत्तमामा अबको २ वर्षभित्रमा सबैका घरमा स्वच्छ खानेपानीको धारा पुग्ने बताए।

धेरै ठाउँमा गुणस्तरीय र सर्भसुलभ तरीकाले खानेपानी पुगेको र केही ठाउँमा खानेपानीको काम भइरहेकोले अबको २ वर्षमा तिलोत्तमा स्वच्छ खानेपानी पुग्ने उनले बताए।

उनले भूमिगत पानी निकाल्ने र भूमिमा पानी नपठाउने अथवा पुर्नभरण नगरिएकाले पानीको मात्रा घट्दै गएको विभिन्न अध्ययनले औंल्याएको बताउदै रोक्नको लागि नगरपालिकाले कस्तो नीति बनाउनु पर्ने हो, आफूहरु तयार रहेको बताए।

कार्यक्रमका विशिष्ट अतिथि एबं तिलोत्तमा नगरपालिका उपमेयर जागेश्वरी चौधरीले सामाजिक संस्थाले पैसा जम्माभन्दा पनि नागरिकलाई सुविधा दिने कुरामा ध्यान दिनुपर्ने बताइन्।

**भूमि ...**

परमादेशसहितको फैसलाको पूर्ण पाठको जानकारी पाइसकेको अवस्थामा सोको कार्यान्वयन गरी गराई सम्मानित सर्वोच्च अदालतलाई जानकारी गराउनुपर्नेमा त्यसको विपरीत बद्नियतपूर्वक फैसलाको अवज्ञा गरेको, फैसला कार्यान्वयन हुन नदिएको र फैसला कार्यान्वयनमा अवरोध गरिरहेको पनि निवेदनमा उल्लेख छ।

फैसला कार्यान्वयनमा बदनियतपूर्वक प्रत्यक्ष अवरोध गरेको, संवैधानिक इजलासको फैसला अवज्ञा गरेको तथा राज्यको सर्वोच्च कार्यकारी अधिकारको कपटपूर्ण प्रयोग गरी संवैधानिक प्रणालीप्रति विश्वासघात गरेको आधारमा अदालतको अवहेलनामा संलग्न कसुरदार पदमुक्त हुन सक्ने गरी वा यससम्बन्धी दण्डहीनताको रोकथाम तथा अन्त्य हुन सक्ने गरी न्यायिक आदेश वा टिप्पणी गर्नसमेत निवेदनमा माग गरिएको छ।

प्रधानमन्त्री र मन्त्रीको यो कार्य सर्वथा अनुचित, गैरकानूनी तथा गैरसंवैधानिक मात्र नभई प्रथम दृष्टिबाटै अदालतको अवहेलनायुक्त र कसुरजन्य रहेको निवेदक अर्यालको दाबी छ।

**नेपाल सरकार**

**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**

**कम्पनी रजिष्ट्रारको कार्यालय, काठमाडौँ**

## कम्पनीको दर्ता खारेजी गरिएको सूचना

दर्ता नं. २०२१६६ मा दर्ता भएको जय मुक्तिनाथ सप्लायर्स एण्ड कन्स्ट्रक्सन प्रा.लि. को कम्पनी दर्ता खारेजी गर्ने माग र सो सम्बन्धमा कम्पनी रजिष्ट्रार कार्यालयका सहायक रजिष्ट्रार समक्ष गरिएको सनाखत समेतका पेश गरिएका कागजातहरु अनुसार र मिति २०८१/१०/२८ मा कम्पनी रजिष्ट्रार कार्यालयको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १३६ (क) अनुसार उपरोक्त कम्पनीको दर्ता खारेजी गर्ने निर्णय भएकोले सोही व्यहोरा सम्बन्धित सबैको लागि सूचित गरिन्छ।

## मोटरसाईकल लिलाम सम्वन्धि सूचना

वुटवल उद्योग वाणिज्य सघ, रुपन्देहीको नाममा रहेको लु.२१ प २७६७ नम्बरको होण्डा साइन मोटरसाइकल लिलाम विक्री गर्नुपर्ने भएकाले यो सूचना प्रकाशन गरिएको छ। उक्त मोटरसाइकल खरिद गर्न इच्छुक व्यक्ति वा फर्मले यो सूचना प्रकाशन भएको ७ दिनभित्र खरिद मुल्य तोकि निवेदन दिनुहुन अनुरोध गर्दछौं। साथै खरिद मुल्यको १० प्रतिशत नगद वा चेक धरौटी वापत प्रवाह गर्नुपर्नेछ।

**वुटवल उद्योग वाणिज्य संघ, रुपन्देही**

**वुटवल-६, चेम्वर मार्ग सुन्दरनगर**

## संस्थापक शेयर बिक्री सम्बन्धी ३५ दिने सूचना

(प्रथम पटक प्रकाशित मिति २०८१/१०/२९)

यस स्वाभिमान लघुवित्त वित्तीय संस्था लिमिटेका केही संस्थापक शेयरधनीले आफ्नो नाममा रहेको संस्थापक शेयर बिक्री गर्ने इच्छा राखी संचालक समिति समक्ष निवेदन दिनु भएको छ। उक्त निवेदन नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम रित पुऱ्याई बिक्री गर्न प्रक्रिया अगाडि बढाउने निर्णय भएकोले संस्थापक शेयर खरिद गरी लिन इच्छुक हाल कायम संस्थाका संस्थापक शेयरधनीहरुलाई नै प्राथमिकता दिनुपर्ने व्यवस्था रहेकोले संस्थापक शेयरधनीहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। यदि कुनै संस्थापक शेयरधनी महानुभावहरुलाई यस वित्तीय संस्था लिमिटेडका संस्थापक शेयर खरिद गरी लिन इच्छा भएमा यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिनभित्र आवश्यक कागजात प्रमाण संलग्न गरी यस वित्तीय संस्थाको केन्द्रीय कार्यालय तिलोत्तमा ५, रुपन्देहीमा आफुले खरिद गर्ने शेयर कित्ता संख्या र सोको रकम खुलाई निवेदन दिनु हुन सूचित गरिन्छ। संस्थापक शेयर खरिद गरि लिने सम्बन्धमा तोकिएको उक्त म्यादभित्र हाल कायम संस्थापक शेयरधनी महानुभावहरुको निवेदन पेश हुन नआएमा प्रचलित नियम अनुसार अन्य व्यक्ति वा संस्थालाई बिक्री गर्ने सम्बन्धी आवश्यक कार्यवाही अघि बढाइने व्यहोरा समेत सबैको जानकारी लागि यो सूचना प्रकाशित गरिएको छ।

**स्वाभिमान लघुवित्त वित्तीय संस्था लिमिटेड**

**केन्द्रीय कार्यालय, तिलोत्तमा- ५, रूपन्देही**

**फोन नं: ०७१-५६१२५८/५६१२६७**

Email:- info@swabhimaanlaghubitta.com.np

**शिवराज नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**चन्द्रौटा, कपिलवस्तु**

**लुम्बिनी प्रदेश, नेपाल**

## शिवराज नगरपालिकाको रोजगार सहायक करारमा पदपूर्ति गर्ने सम्बन्धि सूचना।

यस शिवराज नगरपालिकाको रोजगार सेवा केन्द्रमा रोजगार सहायक पद खुल्ला प्रतिस्पर्धाको मार्फत करार माध्यमबाट पदपूर्तिका लागि निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र कार्यालय समयमा राजस्व तिरेको रसिद सहित तोकिएको सम्पूर्ण कागजात संलग्न गरी दरखास्त दिनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल :**

| विज्ञापन नं. | पद | तह | संख्या | कैफियत |
|---|---|---|---|---|
| ०४।२०८१-०८२ | रोजगार सहायक | सहायकस्तर पाँचौं | १ (एक) | |

**१ आवश्यक न्यूनतम योग्यता र अनुभव :**
क) नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा प्रवीणता प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण गरेको।
ख) उमेर १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको।
ग) आधारभूत कम्प्युटर सीप सम्बन्धी कम्तीमा ३ महिनाको तालिम लिएको।

२ **दरखास्त बुझाउने स्थान** : शिवराज नगरपालिका, कार्यपालिकाको कार्यालय चन्द्रौटा, कपिलवस्तु।

३ **दरखास्त दिने अन्तिम दिन** :२०८१।११।११ गते कार्यालय समय भित्र, अन्तिम दिन कार्यालय विदा भएमा सो को भोलिपल्ट कार्यालय समय भित्र।

४ **आवेदन दस्तुर** : रु. ५००।– (पाँच सय मात्र)

५ **छनौटको किसिम** : प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन र लिखित तथा प्रयोगात्मक परीक्षा।

६ **आवेदन साथ संलग्न कागजातहरु** : आवेदक स्वयंले प्रमाणित गरेको देहाय बमोजिम कागजको प्रतिलिपिहरु
क) नागरिकता
ख) न्यूनतम योग्यताको लब्धाङ्क प्रमाणपत्र र चारित्रिक प्रमाण पत्र
ग) तालिमको प्रमाणपत्र
घ) काम सँग सम्बन्धित अनुभव भए सोको कागजात
ङ) आधारभूत कम्प्युटर सीप सम्बन्धी कम्तीमा ३ महिनाको तालिमको प्रमाण पत्र।
च) २ प्रति पासपोर्ट फोटो

**७. सेवा सुविधा तथा अन्य** : स्थानीय तहमा प्राविधिक सहायक र रोजगार सहायक पदपूर्ति सम्बन्धी मापदण्ड, २०७८ को दफा १३ र १४ बमोजिम हुनेछ।

# एचपीभी खोपसम्बन्धी शिक्षकहरूलाई अभिमुखीकरण



बुटवल । रुपन्देही जिल्लाको तिलोत्तमा नगरपालिकामा पाठेघरको मुखको क्यान्सरविरुद्धको एचपीभी खोपसम्बन्धी नगरपालिकाभित्र सञ्चालित विद्यालयहरुका प्राचार्य तथा विज्ञान शिक्षकहरुलाई अभिमुखीकरण गरिएको छ ।

नगरपालिकाका स्वास्थ्य शाखा प्रमुख ज्ञानप्रसाद पौडेलका अनुसार नगरपालिकाभित्रका जम्मा ८ हजार ६ सय ३२ जना बालिकालाई खोप प्रदान गरिनेछ ।

विश्व क्यान्सर दिवस माघ २३ देखि फागुन ६ गतेसम्म नगरपालिकाभित्रका विद्यालयहरूमा खोप कार्यक्रम सञ्चालन गरिने प्राबधान्लाई टेकेर तिलोत्तमा भने फागुन १ गते देखि खोप अभियान सुरु हुनेछ ।

नेपाल सरकारले यस वर्ष देशभर १६ लाख किशोरीहरूलाई एचपीभी खोप दिने लक्ष्य राखेको छ । सोहीअनुसार तिलोत्तमा नगरपालिकाभित्र कक्षा ६ देखि १० सम्म अध्ययन गर्ने छात्राहरू तथा विद्यालय बाहिर रहेका १० देखि १४ वर्ष उमेर समूहका बालिकाहरूलाई खोप दिने कार्यक्रम तय गरिएको जिल्ला जनस्वास्थ्य शाखाका टीकाराम अधिकारीले बताए ।

तिलोत्तमा नगरपालिकाका नगर उपप्रमुख जगेश्वर देवी चौधरीले महिलाको स्वास्थ्यसँग सरोकार राख्ने जटिल रोग पाठेघरको मुखको क्यान्सरबाट बच्न तथा यासलाई निर्मुल पार्न एचपीभी खोप अत्यावश्यक भएकोले कोहि बालिकाहरुलाई नछुटाइकन सबै अभिभावकले बुझेर खोप लगाउन अनुरोध समेत गरिन ।

कार्यक्रम तिलोत्तमा नगरपालिकाका नगरप्रमुख रामकृष्ण खाँण पाठेघरको मुखको क्यान्सर नेपालमा महिलाहरूको प्रमुख स्वास्थ्य चुनौती बनेको उल्लेख गर्दै यसको रोकथामका उपायहरूमा विशेष ध्यान दिनुपर्ने बताए ।

उनले नगरपालिकाभित्रका सम्पूर्ण लक्षित बालिकाहरूलाई एचपीभी खोप सुनिश्चित गर्ने प्रतिबद्धता समेत व्यक्त गरे । कार्यक्रममा नगरका ७० विद्यालयका शिक्षकहरुको सहभागिता रहेको स्वास्थ्य शाखाका रामप्रसाद ढकालले जानकारी दिए ।

# मणिमुकुन्द कलेजमा तीन दिने स्पोर्टस् मिट सुरु




बुटवल । मणिमुकुन्द कलेज बुटवलले विद्यार्थीको खेल प्रतिभा प्रष्फुटनका लागि स्पोर्टस् मिट कार्यक्रम सञ्चालन गरेको छ । सोमबार कलेज प्रांगरणमा कलेजका विद्यार्थीमाझ प्राचार्य टुकबहादुर क्षेत्री, संस्थाका सञ्चालक समिति सदस्य उमापति न्यौपानेलगायतले स्पोर्टस् मिट कार्यक्रम उद्घाटन गरेका हुन् ।

स्पोर्टस् मिट उद्घाटन गर्दै प्राचार्य क्षेत्रीले खेलकुद प्रतियोगिताले विद्यार्थीलाई शारीरिक तथा मानसिकरुपमा स्वस्थ र तन्दुरुस्त राख्ने बताए । खेलकुद प्रतियागिताले विद्यार्थीमा अनुशासन र सामूहिकताको भावना विकास गराउने भन्दै क्षेत्रीले जीत हारभन्दा पनि भाग लिएर सिक्नु नै ठूलो उपलब्धि हुने बताए ।

संस्थाका सञ्चालक समिति सदस्य उमापति न्यौपानेले कलेजले विद्यार्थीको सर्वाङ्गीण विकासका लागि शैक्षिक गुणस्तर अभिवृद्धिसँगै खेलकुद र सामाजिक क्रियाकलापलाई पनि उत्तिकै प्राथमिकतामा राखेर अघि बढेको बताए ।

कलेजका व्यवस्थापन संयोजक पशुपति चौधरीले तिलोत्तमास्थित जनज्योति क्लबको खेल मैदानमा तीन दिनसम्म चल्ने स्पोर्टस् मिटमा फुटबल, क्रिकेट, भलिबल, बास्केटबल, टेबलटेनिस, कबड्डी, दौड, हाइजम्प, लङजम्प, सटपुट थ्रो, ज्याभलिन थ्रो, चेस, म्युजिकल चेयरलगायतका प्रतियोगिता हुने जानकारी दिए ।

पहिलो दिन भएको फुटबलमा सुनिल रानाको समूह कक्षा १२ बिहानी टिम २ प्रथम भएको छ भने रिज्वल पाण्डे समूह दिवा समूह बी दोस्रो भएका छन् ।

पहिलो दिन सय मिटर दौड, सटपुट थ्रो, ज्याभलिन थ्रो, हाइजम्प, लङजम्प र म्युजिकल चेयरमा छात्र तथा छात्राबिच प्रतियोगिता भएका कलेजका सह-प्राचार्य दिवाकर खनालले जानकारी दिए ।

# महोत्सवमा जनजाति महासंघको विरोध

नवलपुर । नेपाल आदिवासी जनजाति महासंघ नवलपुर उसका जातीय घटक संगठनहरुले सोमबार एक विज्ञप्ति जारी गरी माघ २५ गतेदेखि कावासोतीमा सञ्चालन भइरहेको नवलपुर महोत्सव संस्थागत रुपमा सहभागी नहुन निर्देशन गरेको छ ।

नेपाल आदिवासी जनजाति महासंघ नवलपुर र उसको जातीय संगठन नेपाल मगर संघ, तमु ह्युल छोजधि, थारु कल्याणकारिणी सभा नवलपुर, देवाः देय् दबू नवलपुर, भुजेल समाज सेवा समिति, नेपाल बोटे समाज, नेपाल तामाङ घेदुङ संघलगायतका जातीय संगठनहरुले विज्ञप्ति जारी गरी यस्तो निर्देशन गरेको हो ।

विज्ञप्तिमा नेपाल आदिवासी जनजाति महासंघ नवलपुरका अध्यक्ष रामकुमार श्रेष्ठ, पूर्व जिल्ला अध्यक्ष रामबहादुर ब्लोन, नेपाल मगर संघ नवलपुरका इञ्चार्ज इन्द्रफाल मगर, जिल्ला अध्यक्ष भुमराई मगर, कावासोती नगर अध्यक्ष सुनमाया थापा मगर, तमु ह्युल छोजधि गुरुङ राष्ट्रिय परिषद् नवलपुरका अध्यक्ष जगतकाजी गुरुङ, नेवा देय दबू नवलपुरका अध्यक्ष मित्रलाल श्रेष्ठ, भुजेल समाज सेवा समिति नवलपुरका अध्यक्ष रमिला भुजेल, नेपाल बोटे समाज नवलपुरका अध्यक्ष राजेन्द्र बोटे, नेपाल तामाङ घेदुङ संघ कावासोतीका अध्यक्ष मंगल सिंह तामाङ लगायतको हस्ताक्षर गरेका छन् ।

विज्ञप्तिमा आठौं नवलपुर महोत्सवमा नेपाल आदिवासी जनजाति महासंघ जिल्ला समन्वय परिषद नवलपुर संग औपचारिकताको लागि मात्र समन्वय गर्न खोजि आदिवासी जनजाति समुदायको भाषा, कलासंस्कृति प्रदर्शन गर्ने र आदिवासी जनजाति समुदायको महोत्सवमा सहभागिता हुने विषयलाई बेवास्ता गर्ने गरेको आरोप लगाएको छ ।

त्यसैगरी यसभन्दा पहिले नवलपुर उद्योग वाणिज्य संघले नेपाल आदिवासी जनजाति महासंघ जिल्ला समन्वय परिषद नवलपुरसँग प्रतिवद्धता गरे अनुरुप व्यवहार नगरेको, आदिवासी जनजाति समुदायको कलासंस्कृति, भेषभुषालाई महोत्सवमा दुरुपयोग गर्नेलगायतका कार्य गरेकोमा सो गर्न नहुने हाम्रो मागप्रति असहमत जनाई एकलौटी रुपमा सञ्चालन गरेको भन्दै विज्ञप्तिमा नवलपुर उद्योग वाणिज्य संघले हाल संचालन गरेको महोत्सवमा नेपाल आदिवासी जनजाति महासंघ नवलपुर र महासंघ आवद्ध सम्पूर्ण जातीय संस्थाहरुको संस्थागत सहभागिता नरहेको सबैमा जानकारी गराउँदछौं भनिएको छ ।

# सिद्धार्थनगरमा दुई विधेयक पारित

भैरहवा । रुपन्देहीको सिद्धार्थनगर नगरपालिकाले दुईवटा विधेयक पारित गरेको छ । हिउँदेसभाको १७औं अधिवेशनबाट नगरपालिकाले प्राविधिक कर्मचारी व्यवस्थापन गर्न बनेको विधेयक र नगरको शिक्षा ऐन २०७४ लाई प्रथम संशोधन गर्न बनेको विधयकलाई पारित गरिएको हो ।

सोमबार भैरहवास्थित महेन्द्र सभागृहमा भएको सभामा सभा अध्यक्ष एवं सिद्धार्थनगर नगरपालिकाका नगर प्रमुख इश्तियाक अहमद खाँले नगरको प्रगति विवरणसहित यि दुईवटा विधेयक सभामा प्रस्तुत गरेका थिए ।

सभाले छलफलपछि विधेयकलाई पारित गरेको हो । विधेयक पारित भएसँगै सिद्धार्थनगरलाई प्राविधिक कर्मचारी करारमा राख्न बाटो खुलेको छ ।

विधयकमा करारतर्फ इञ्जिनियरिङ्ग, कृषि, पशु, स्वास्थ्य तथा प्राविधिकतर्फ अन्य कर्मचारी करारमा राख्न पाउने उल्लेख छ । त्यस्तै शिक्षा विधेयक संशोधनपछि नगर शिक्षा समितिमा उप-प्रमुख समेत सदस्य रहने व्यवस्था गरिएको छ । विधेयकमा नगरप्रमुख अध्यक्ष भन्ने वाक्यको पछाडि नगर उप-प्रमुख उपाध्यक्ष भन्ने थप गरिएको छ । नगरसभामा नगरको चालु आर्थिक वर्षको प्रगती सार्वजनिक गर्दै नगर प्रमुख इश्तियाक अहमद खाँले ५७औं स्थापना दिवस २०८१ भब्य रुपमा सम्पन्न भएको, नगर सरसफाइ, सडक बत्ती व्यवस्थापन तथा नगरका विभिन्न स्थानमा गत वर्ष स्मार्ट लाइट जडान गरी सो कार्यको यस वर्ष फछ्र्यौंट कार्य सम्पन्न भएको बताए ।

उनले छाडा चौपाया व्यवस्थापन, फोहोरमैला दिगो र मितव्ययी एवं गुणस्तरीय व्यवस्थापनको लागि सार्वजनिक सूचनामार्फत् प्रस्ताव आह्वान, नगरको सौन्दर्यकरणको लागि तिनपाङ्गे रिक्सा व्यवस्थापनका साथै ठेलाको व्यवस्थापन, पार्किङ् व्यवस्थापन तथा अनधिकृत सडक तथा फुटपाथ अतिक्रमण गरी निर्माण गरिएका संरचनाहरु हटाउने कार्यका साथै नगरपालिकाको नीतिगत निर्णयलाई कार्यान्वयन गर्न १५ जना नयाँ नगर प्रहरी समेत नियुक्ति गरिनुलाई पनि चालु आर्थिक वर्षका महत्वपूर्ण उपलब्धि रहेको उल्लेख गरे ।

त्यस्तै उनले सिद्धार्थनगर नगरपालिकामा नेपाल सरकार, प्रदेश सरकार तथा आन्तरिक स्रोतबाट भएको भौतिक पूर्वाधारतर्फका योजनाहरु कार्यान्वयनका लागि प्रक्रिया अगाडि बढाइसकिएको र पौष मसान्तसम्म पूर्वाधार निर्माणतर्फ ५९ वटा योजनाहरु बोल पत्र तथा दरभाउपत्रका माध्यमबाट सूचना प्रकाशन भएकोमा ४६ योजना सम्झौता भइ बाँकी १३ वटा योजनाहरु सम्झौताको प्रकृयामा रहेको उल्लेख गरे ।

# चौथो रामपुर महोत्सव सकियो




बासुदेव ढकाल

*रामपुर पाल्पा*

पाल्पाको रामपुरमा जारी चौथो रामपुर महोत्सव, कृषि प्रदर्शनी तथा व्यापार मेला २०८१ भव्य रुपमा सम्पन्न भएको छ । गत माघ १५ देखि सरु भएको मेलाको मेला आयोजकलाई उत्साही बनाउँदै सफलता पूर्वक समापन भएको हो ।

रामपुर उद्योग वाणिज्य संघको आयोजना र रामपुर नगरपालिकाको संरक्षणमा भएको मेलाको समापन कार्यक्रम गरी विधिवत रुपमा आइतबार समापन गरिएको थियो । आयोजकले लिएको लक्ष्य अनुरुप लाखौं दर्शकको उपस्थिति र करोडौंको व्यापार गर्दै मेलाको समापन गरिएको हो । महोत्सवको आइतबार लुम्बिनी प्रदेशसभा अर्थ, उद्योग तथा पर्यटन समितिका सभापति राजुप्रसाद श्रेष्ठले समापन गरेका हुन् ।

महोत्सव समापन कार्यक्रममा लुम्बिनी प्रदेशसभाअर्थ, उद्योग तथा पर्यटन समितिका सभापति राजुप्रसाद श्रेष्ठले रामपुर नगरपालिकालाई मुलुकको शासकीय स्वरुपमा सीमित नराखी कालीगण्डकी महानगरको अवधारणाका साथ अघि बढाउनु आवश्यक रहेको बताए । कालीगण्डकी नदीले पाल्पाको रामपुर र स्याङ्जा तनहुँ र नवलपुर जिल्लाको सीमा निर्धारण गरे पनि कालीगण्डकी उपत्यकाको समुदाय, कला र संस्कृति समान रहेको बताउँदै कालीगण्डकी उपत्यकाको एकिकृत विकासमा साझा अवधारण बनाएर अघि बढ्नु आवश्यक रहेको बताए ।

रामपुर नगरपालिकाका नगर प्रमुख रमणबहादुर थापाले मुलुकको अर्थतन्त्र जबसम्म चलायमान हुन सक्दैन तबसम्म आर्थिक विकासले गति लिन नसक्ने बताए । मेलाले उद्योग तथा व्यापार मात्र नभै खेल तथा कला संस्कृतिमा रहेका नयाँ प्रतिभाहरुले पनि सिक्ने अवसर प्राप्त गरेको जनाए ।

रामपुर नगरपालिकाका उप-प्रमुख बालकुमारी थापाले महोत्सवमा उत्साहजनक दर्शकहरुको उपस्थितिले मेला सफल भएको र अब फराकिलो खुल्ला स्थानको आवश्यकताको महशुस गराएको बताइन् । रामपुर उद्योग वाणिज्य संघका सल्लाहकार हजिल दिन मियाँले मेलाले गण्डकी बेशी क्षेत्रको पहिचानलाई थप स्थापित गर्न सफल भएको औंल्याए ।

नेपाली कांग्रेस रामपुर नगर कार्यसमितिका सभापति नेत्रप्रसाद भट्टराईले विगतको महोत्सवको तुलनामा यस पटकको महोत्सव उत्कृष्ट भएको बताए । नेकपा एमाले रामपुर नगर कमिटीका अध्यक्ष लिलबहादुर गाहाले रामपुरको पहिचान, धार्मिक तथा पर्यटकीय स्थलको प्रचारप्रसारसँगै व्यापारमा महत्वपूर्ण टेवा दिएको बताउँदै रामपुरको समग्र विकासको लागि बेला-बेलामा मेला र महोत्सव हुनु आवश्यक रहेकोमा जोड दिए ।

नेकपा मोओवादी केन्द्र रामपुर नगर कमिटी अध्यक्ष भिम विश्व भट्टराईले मेला सबैको साथ र सहयोगले सपलता प्राप्त गर्न सफल भएको जनाए । रामपुर नगरपालिका वडा नं. ७ का वडा अधयक्ष दोवराज तिवारीले थोपाथोपामा रहेका पुँजीलाई चलायमान गराउन सके मात्र विकासले गति लिन्छ भन्ने कुरा उद्योग वाणिज्य संघले प्रमाणित गरेको बताए । नेपाल पत्रकार महासंघ पाल्पा शाखाका उपाध्यक्ष बन्दना पोखरेलले महोत्सवले स्थानीय उत्पादनको प्रवर्द्धनमा महत्वपूर्ण टेवा दिएको बताउँदै अब स्थानीय उत्पादनलाई बजारसँग जोड्ने वातावरण तयार गर्नु आवश्यक रहेको बताइन् ।

महोत्सव आयोजकले लिएको लक्ष्यभन्दा बढी उपलब्धि प्राप्त गर्दै सफलतापूर्वक सम्पन्न भएको रामपुर उद्योग वाणिज्य संघका अध्यक्ष भोजेन्द्र प्रकाश ढकालले बताए । मेला समापनको अवसरमा उनले प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा महत्वपूर्ण योगदान दिने सरोकारवालाको सहयोग, व्यवसायी तथा दर्शकहरुको साथले महोत्सव सफल भएको बताए । रामपुर उद्योग वाणिज्य संघका वरिष्ठ उपाध्यक्ष रुद्रनारायण श्रेष्ठले दर्शकहरुको साथ र सहयोगले आयोजकलाई थप हौसला थपेको महशुस गरेको बताएका थिए ।

रामपुर उद्योग वाणिज्य संघका अध्यक्ष भोजेन्द्र प्रकाश ढकालको अध्यक्षतामा भएको कार्यक्रम वरिष्ठ उपाध्यक्ष रुद्रनारायण श्रेष्ठको स्वागतबाट सुरु भएको थियो । कार्यक्रममा सहभागीहरुलाई वाणिज्य उपाध्यक्ष विष्णुबहादुर सारुले धन्यवाद ज्ञापन गरेका थिए । कार्यक्रमको सञ्चालन महासचिव खिमबहादुर केसी पुरुषोत्तमले गरेका थिए ।

साथै बिक्री स्थलमा पनि किनमेल गर्नेहरुको भिड लागेको थियो । गण्डकी वेशी क्षेत्रको पहिचान, स्थानीय उत्पादनको बजारीकरण, कला संस्कृतिको संरक्षण, पर्यटन प्रवर्द्धन एवं उद्योग, व्यापार र पर्यटनको सम्भावनाको उजागर गर्ने उद्देश्यका साथ "आर्थिक समृद्धिका लागि उद्योग र व्यापार कालीगण्डकी उपत्यका विकासको आधार" भन्ने नाराका साथ सुरु भएको मेला स्थल दैनिक दर्शकहरुले अत्याधिक उपस्थिति रहेको थियो ।

# ५२ युनिट रगत संकलन



बुटवल । रक्त अभावलाई मध्यनजर गर्दै आइतबार इम्पावर हन्टर एचआर सोलुसन, बुटवल शाखाले वृहत रक्तदान कार्यक्रम आयोजना गरेको छ । वैदेशिक रोजगारीका लागि आवश्यक परामर्श तथा प्रक्रियागत सेवा प्रदान गर्दै आएको यस संस्थाले सामाजिक उत्तरदायित्वअन्तर्गत रक्तदान कार्यक्रम आयोजना गरेको हो ।

नेपाल रेडक्रस सोसाइटी, रक्तसञ्चार सेवा केन्द्र बुटवलको प्राविधिक सहयोगमा सम्पन्न कार्यक्रममा ५२ युनिट रगत संकलन भएको संयोजक रुबिन गुरुङले जानकारी दिए ।

कार्यक्रमको उद्घाटन नेपाल स्वयंसेवी रक्तदाता समाज रुपन्देही शाखाका अध्यक्ष कृष्ण चौहान क्षेत्री, इम्पावर हन्टर एचआर सोलुसन बुटवल शाखाका प्रमुख लक्ष्मण पोखरेल तथा प्रहरी बिट बुटवल बसपार्कका प्रमुख विमला गौतमले रक्तदाताहरुलाई ब्लड ब्याग हस्तान्तरण गर्दै गरेका थिए ।

कार्यक्रममा बोल्दै लक्ष्मण पोखरेलले संस्थाले व्यवसायिक वृद्धिसँगै सामाजिक उत्तरदायित्वअन्तर्गत विभिन्न कार्यक्रम सञ्चालन गर्दै आइरहेको बताए । हाल रक्त सञ्चार केन्द्रमा विभिन्न रक्त समूहको अभाव देखिएकोले यसलाई प्राथमिकतामा राखेर कार्यक्रम गरिएको उनको भनाइ छ । उनले यसअघि पनि संस्थाले आश्रम तथा विद्यालयका विद्यार्थीहरूलाई न्यानो कपडा तथा खाद्यान्न वितरण गर्दै आइरहेको जानकारी दिए ।

इम्पावर हन्टर एचआर सोलुसनले वैदेशिक रोजगारमा जाने युवाहरूलाई आवश्यक न्यूनतम दक्षता तथा प्रक्रियागत सेवा प्रदान गर्दै आएको छ । संस्थामार्फत् हालसम्म हजारौं युवाहरूलाई दुबई, कतार, बहराइनलगायतका गल्फ राष्ट्रहरूमा रोजगारीमा जान सफल बनाइएको छ ।










सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com